मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218

नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

www.emadheshdristi.com

Madheshdristi National Daily

खुशहाल किसान, समृद्ध नेपाल
यहि हो "त्रिशक्ति"को कमाल
त्रिशक्ति ट्रेक्टर

वर्ष २ | अंक ३१ | २०८० साल पुष ०३ गते मंगलबार | Tuesday 19, December 2023 | सूर्योदय: बिहान ६:४९ बजे | सूर्यास्त: साँझ ५:१५ बजे | पृष्ठ ८ | मूल्य रु. ५/-

## जसपाभित्र मच्चियो द्वन्द्व



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
उपेन्द्र यादव नेतृत्वको जनता समाजवादी पार्टी (जसपा) नेपालभित्रको आन्तरिक द्वन्द्व सतहमा आउने संकेत गरेको छ । यादवको मनोपोली र एकलौटी पार्टी सञ्चाल गतिविधिविरुद्ध पार्टीभित्रका असन्तुष्ट नेताले यादवको विकल्प खोज्ने या पार्टी छाड्नेसम्मको विकल्पबारे छलफल चलाएको पाइएको छ ।
पछिल्लो समय आफ्नै गृहजिल्लामा समेत समानान्तर कमिटी निर्माण भएपछि जसपा अध्यक्ष यादवलाई पार्टीभित्रका दोस्रो भन्दा पनि तेस्रो पुस्ताका नेताहरुको चुनौतीको दबाब परेको थियो । यो चुनौती सप्तरीसँगै अर्को प्रभावशाली जिल्ला पर्सामा पनि दोहोरिएपछि यादव अरु दबाबमा परेका थिए । पार्टीको मधेश कमिटीमातहत छानबिन समिति बनाएर विवाद समाधान गर्ने भनिए पनि अध्यक्ष यादवले पेलेर समानान्तर कमिटी खारेज भएको र पुरानै कमिटी निरन्तर रहने सर्कुलर जारी गराएको असन्तुष्ट नेताहरुले बताए ।
सप्तरी र पर्साका अधिकांश स्थानीय तहका जनप्रतिनिधि र पालिका कमिटी समानान्तर समितिमा रहे पनि पार्टीले कुनै छलफल नै नगरी खारेज मात्र गरेर विद्रोह दबाउने प्रयास गरेपछि असन्तुष्टि अरु चुलिएको एक नेताले बताए । उनले भने, 'बनाइएको छानबिन समितिले समानान्तर कमिटीका कसैलाई पनि मसिनोसँग कुनै सोधपुछ र गुनासो सुन्ने काम गरेन, वर्षौंदेखि क्रियाशील नरहेका कमिटीलाई निरन्तरता दिने काम भयो, समानान्तर आवाज दबाउन खोजियो । प्रजातान्त्रिक पार्टीमा यस्तो कहाँ चल्छ ?'
पछिल्लो समय मधेशकै जिल्लाहरुमा समस्या आएपछि अध्यक्ष यादवले मिथिला र भोजपुरा क्षेत्रका जिल्लामा पुगेर असन्तुष्टि मिलाउने प्रयास पनि गरेका थिए । तर उनले फेरि पनि आस्वासन मात्र दिएर पेलेर नै जाने रणनीति लिएको देखिएको असन्तुष्ट नेताहरुले बताए । रेणु यादव, प्रदीप यादव, शैलेन्द्र साह त खुलेरै अध्यक्ष यादवको शैलीको विरोधमा उत्रिएका थिए । सप्तरीमा रेणु यादवले समानान्तर कमिटी गठनको नेतृत्व गरेकी थिइन् भने पर्सामा प्रदीप यादवले यसको नेतृत्व गरेका थिए । शैलेन्द्र साहले दुवै नेतालाई साथ दिएका थिए ।
जसपा स्रोतका अनुसार, पछिल्लो समय यादवको शैलीबाट नेता मृगेन्द्रकुमार सिंह र पार्टीका वरिष्ठ नेता अशोक कुमार राई पनि असन्तुष्ट भएका छन् । यादवको एकलकाँटे स्वभावबाट पार्टीमा दोस्रो वरियताका नेता राई पनि असन्तुष्ट भएर मधेशकै नेताहरुसँग छलफलमा जुटेको पाइएको छ । राई, सिंह, साह, यादवद्वयले पार्टीभित्र अध्यक्षको शैलीलाई लिएर जिल्ला, पालिकास्तरका नेता कार्यकर्तासँग छलफल गरिरहेको बताइएको छ । उनीहरु यादवबाट पार्टीको गतिविधि जारी रहँदा मौन बस्नु राजनीतिक बेइमानी हुने निष्कर्षमा पुगेको बताइएको छ ।
जसपाभित्र असन्तुष्टिको बादल मडारिन थालेको र कुनै पनि बेला यो विष्फोट हुनसक्ने नेताहरुले संकेत गरेका छन् । एक नेताले भने, 'अहिले नै सबै कुरा भन्ने अवस्था छैन, तर जे होस्, अध्यक्ष यादवको कार्यशैलीलाई लिएर प्रश्न उठाउने नेताकार्यकर्ताको पंक्ति पार्टीभित्र बढिरहेको छ, सकारात्मक ढंगले अध्यक्षले छलफल चलाउनु भए त्यही अनुसारको व्यवहार हुन्छ, होइन भने अनेक विकल्पहरुबारे छलफल अघि बढ्न सक्छ ।' असन्तुष्ट नेताहरुले भित्रभित्रै छलफल भने घनिभूतसँग चलाइरहेको र मधेशमा पनि यसको प्रत्यक्ष असर पर्न सक्ने बताए ।

## अपराधमा जनप्रतिनिधिहरु



**घटना १**
पर्सा, बहुदरमाई नगरपालिका वडा नम्बर २ का वडाअध्यक्ष जितेन्द्र पटेलविरुद्ध पक्राउ पुर्जी जारी भएको तीन साता भएको छ । उनी पक्राउ परेका छैनन् ।

**घटना २**
बारा, जीतपुरसिमरा उपमहानगरपालिका–३ का वडाध्यक्ष तारा बहादुर कार्की ५ लाख रुपैयाँ घुसको रकमसहित सोमबार पक्राउ परेका छन् ।

**घटना ३**
उच्च अदालत जनकपुर, राजविराजका न्यायाधीशद्वय वामदेव ज्ञवाली र राधाकृष्ण उप्रेतीको संयुक्त इजलासले सप्तरीको रुपनी गाउँपालिका अध्यक्ष दिनेश यादव, निवर्तमान वडाध्यक्ष पीताम्बर यादव, वडा २ का सरोज यादव र वडा नम्बर १ का राम यादवमाथि चोरी डाँका मुद्दा दर्ता गर्न परमादेश जारी गरेको छ ।

**मधेशदृष्टि**
**वीरगंज ।**
यी त मंसिर महिनाका केही उदाहरण मात्रै हुन् । मधेशका १ सय ३६ स्थानीय तहका जनप्रतिनिधिमात्र कैयौं निलम्बनमा छन् । कैयौंमाथि अख्तियारले अनुसन्धान गरिरहेको छ । सोमबार मात्रै बारा, जीतपुरसिमरा–३ का वडाध्यक्ष तारा कार्की ५ लाख रुपैयाँसहित पक्राउ परेपछि जनप्रतिनिधिहरुको अपराधमा संलग्नता अरु बढेको देखाएको छ । अख्तियार हेटौंडाको टोलीले उनलाई ५ लाख रुपैयाँसहित पक्राउ गरेको हो ।
जितपुर सिमरा उपमहानगरपालिका– ३ का वडाध्यक्ष तारा बहादुर कार्की घुस रकमसहित पक्राउ परेका छन् ।
सेवाग्राहीसँग पटक–पटक घुस रकम माग गर्दै काम अगाडि बढाउन खोज्ने भएपछि सोमबार हेटौंडाको अख्तियारको टोलीले नगद पाँच लाखसहित उनलाई बाराको जितपुरबाट रंगेहात पक्राउ गरेको हो ।
जग्गा व्यसायी राज उप्रेतीसँग घुस लिएको भेटिएपछि उनलाई जीतपुरमा होटेलबाट अख्तियारको टोलीले पक्राउ गरेको हो ।
जग्गा बिक्रीका लागि घरबाटो सिफारिस माग्दा उनले ५ लाख रुपैयाँ घुस मागेर दुःख दिएपछि अख्तियारको सहारा लिइएको पीडित व्यसायी उप्रेतीले बताए ।
उनले जग्गा किनबेच गर्दा लाखौँ रुपैयाँ दिइएको र अहिले पनि पटकपटक घुस माग्न नछाडेपछि अख्तियारको शरणमा गएको उप्रेतीले बताए । पक्राउ परेका कार्कीलाई अख्तियारले हिरासतमा राखेर थप अनुसन्धान गरिरहेको अख्तियार दुरुपयोग अनुसन्धान आयोग हेटौंडाका सूचना अधिकारी उपसचिव गोविन्द प्रसाद गौतमले जानकारी दिए ।
यता, सप्तरी, रुपनी गाउँपालिका अध्यक्ष दिनेश यादवले पत्रकार सम्मेलन गरेर आफूमाथि लगाइएको चोरी डाँका मुद्दा निराधार रहेको दाबी गरेका छन् । यद्यपि उनीसहितको टोलीविरुद्ध डाँका मुद्दा दर्ता गर्न अदालतले नै आदेश जारी गरेको छ । यादवले भने केही व्यक्तिले चरित्र हत्या गर्न राजनीतिक रिसइबीका कारण झुटो प्रचारबाजी गरेको दाबी गरेका छन् । उनले आरोप प्रमाणित भए आफू जुनसुकै सजाय भोग्न तयार रहेको बताएका छन् ।
केही दिनअघि उच्च अदालत जनकपुर, राजविराजका न्यायाधीशद्वय वामदेव ज्ञवाली र राधाकृष्ण उप्रेतीको संयुक्त इजलासले गाउँपालिका अध्यक्ष यादव, निवर्तमान वडाध्यक्ष पीताम्बर यादव, वडा २ का सरोज यादव र वडा नम्बर १ का राम यादवमाथि चोरी डाँका मुद्दा दर्ता गर्न परमादेश जारी गरेको छ ।
यता, किते सम्बन्धी कसुर मुद्दामा पक्राउ पुर्जी जारी भएको तीन साता पुग्दा पनि पर्सा, बहुदरमाइ–२ का वडाध्यक्ष जितेन्द्र पटेल पक्राउ परेका छैनन् । जिल्ला प्रहरी कार्यालय अपराध अनुसन्धान शाखाले असोज १० गते पर्सा जिल्ला अदालतबाट अनुमति लिई किर्ते सम्बन्धी ३ जनाविरुद्ध मुद्दा दर्ता गरेको हो ।
घटनामा वडा नम्बर २ का विकास प्रसाद यादव र संगीता देवी पक्राउ परे पनि गैरकानुनी ढंगले सिफारिस गर्ने वडाअध्यक्ष पटेल पनि फरार छन् ।
निवेदक प्रमोद प्रसाद यादवले दिएको उजुरीका आधारमा नक्कली कान्छी आमा बनाएर गैरकानुनी तरिकाबाट पेन्सन बुझ्ने प्रकरणमा पटेलले कागजात दिएका थिए । प्रहरीले पक्राउ पुर्जी जारी गरेको र फरार भने पनि पटेल नगरपालिकाले दिएको ७८२७ नम्बरको ट्रायल होन्डा मोटरसाइकलमै आवतजावत गरिरहेको पीडितहरुको गुनासो छ ।
उनले स्थानीय विकासप्रसाद यादवकी पत्नीलाई निजकै नक्कली कान्छी आमा बनाएर सिफारिस गरेको पाइएको छ ।
मृतक बुबाको निवृत्तिभरणका लागि आफ्नी पत्नीलाई विकासले आफ्नी कान्छी आमा बनाएका थिए भने सो कार्यमा वडाध्यक्ष पटेलले सिफारिस गरेका थिए । जनप्रतिनिधिहरुको बदमासी एकपछि अर्को छताछुल्ल हुँदै गएको छ ।

## रामकलेवासँगै सकियो विवाहपञ्चमी महोत्सव



**वीरेन्द्र रमण**
**जनकपुरधाम ।**
त्रेतायुगमा भएको रामसीताको विवाहको सम्झनामा जनकपुरधाममा मनाइने सातदिवसीय विवाहपञ्चमी महोत्सव सकिएको छ ।
विवाहपञ्चमी महोत्सवको अन्तिम दिन जन्तीलाई भोजन गराउदै बिदाइ गरिएको छ । यसलाई राम कलेवा भन्ने गरिन्छ ।
जानकी मन्दिर प्रांगणमा भएको भण्डारामा भारतबाट जन्तीका रूपमा आएका साधुसन्तलाई पकवान खुवाएर रामकलेवा मनाइएको हो ।
महोत्सवका अन्तिम दिन रामकलेवामा जानकी मन्दिरमा विशेष भोज गर्ने परम्परा छ । भोजनपश्चात् साधुसन्तलाई दक्षिणा दिएर विधिवत् बिदा गर्ने परम्परा छ । बिदाइक्रममा मिथिला परम्पराअनुसार चादर, कम्बल र दक्षिणा प्रदान गर्दै बिदाइ गरिएको छ ।
भण्डारामा सहभागी साधु सन्तलाई गीतका माध्यमबाट हास्यविनोदसहितको गीत गाइएको थियो । एकहप्तासम्म मनाइने सीताराम विवाहपञ्चमी नगर दर्शनबाट सुरु हुन्छ । त्यस्तै, दोस्रो दिन फूलबारी लीला, तेस्रो दिन धनुष यज्ञ, चौथो दिन तिलकोत्सव, पाँचौँ दिन मटकोर, छैठौँ एवम् विवाहपञ्चमीको मूल दिन स्वयम्वर र शुभविवाह तथा सातौँदिन रामकलेवा गरिएको छ । जन्तीको रुपमा आएका साधुसन्तलाई ५६ व्यञ्जन खुवाई बिदाई गरिन्छ । र, विधिवतरुपमा एक हप्तासम्म चल्ने विवाहपञ्चमी सकिएको छ ।

## मधेशदृष्टि संक्षेप

### साह उत्कृष्ट मन्त्री

जनकपुरधामः डा.सिके राउत नेतृत्वको जनमत पार्टीबाट संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री अनिता देवी साहले शासकीय सुधार रिपोर्टमा प्रथम स्थान ल्याएकी छिन् । संघीय सरकारको पहिलो चौमासिक कार्य सम्पादन मूल्यांकनमा साहले शासकीय सुधार रिपोर्ट कार्डमा पहिलो स्थान प्राप्त गरेकी हुन् । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको वार्षिक योजना २०८०–८१ का १८ योजनामध्ये १३ योजना सम्पन्न गरेको छ । मन्त्री साहले प्रगति विवरणमा ७२.२ प्रतिशत ल्याएर पहिलो स्थान प्राप्त गर्न सफल भएकी हुन् ।

### भ्रुण बोकेर हिँड्ने भारतीय समातिए

सर्लाहीः सदरमुकाम मलङ्गवामा प्लाष्टिकमा भ्रुण बोकेर हिँडिरहेका भारतीय समातिएका छन् ।
प्रहरी र सशस्त्र प्रहरीको संयुक्त टोलीले नेपाल–भारत सीमा दशगजानजिक मलङ्गवा नगरपालिका–८, झिलमिलिया मन्दिर छेउमा गर्भपतन गराएर भ्रुण फाल्न हिँडेका भारतीय नागरिकलाई पक्राउ गरेको हो । बिहार, शिवहर नारायणपुर–३ का ३२ वर्षीय हरिशचन्द्र कुमार सुढी पक्राउ परेका हुन् । प्रहरी टोलीले शङ्का लागेर खानतलासी लिँदा सुढीले बोकेको कालो प्लाष्टिकको पोका खोलेर हेर्दा सालनालसहितको भ्रुण फेला परेको जिल्ला प्रहरी कार्यालय मलङ्गवाले जनाएको छ । सुढीला नियन्त्रणमा लिएर थप अनुसन्धान भइरहेको सूचना अधिकारी एवम् प्रहरी नायब उपरीक्षक (डिएसपी) दीपेन्द्र पन्जियार थारुले जानकारी दिए । सुढीले भ्रुणबारे बोलेका छैनन् । केही साताअघि मलङ्गवामै फोहोरको थुप्रोमा मृत जुम्ल्याहा नवजात शिशु फेला परेका थिए ।

### ८३ जना ठग्ने उपाध्याय पक्राउ

वीरगंजः वैदेशिक रोजगारीमा लगाइदिने बहानामा दुई करोड ६३ लाख रुपैयाँ ठगी गर्ने कोमलराज उपाध्याय युएइबाट पक्राउ परेका छन् । श्रीराम रानाभाटसहित ८३ जनालाई दुबईमा विभिन्न पदमा आकर्षक तलबको प्रलोभन दिएर दुई करोड ६३ लाख ५४ हजार रुपैयाँ ठगेको आरोपमा उपाध्याय इन्टरपोलको सहायतामा पक्राउ परेका हुन् । दुबईमा त्रिनेत्र म्यानेजमेन्ट कन्सल्टेन्सी खोलेर बसेका सर्लाही, जानकीनगरका उपाध्यायले आकर्षक जागिर लगाइदिने भनेर ८३ जनालाई भिजिट भिसामा युएइ बोलाएका थिए । तर जागिर दिन नसकेपछि उनी फरार भएका थिए ।
उनलाई अन्तर्राष्ट्रियस्तरमा खोजी गरेर पक्राउ गर्न नेपाल प्रहरीले वैशाखमा इन्टरपोल महासचिवालयलाई अनुरोध गरेपछि रेडकर्नर नोटिस जारी भएको थियो । इन्टरपोलको सहयोगमा युएइबाट पक्राउ गरी काठमाडौँ ल्याइएका उपाध्यायलाई प्रहरीले काठमाडौँ जिल्ला अदालतमा पेस गरेको छ ।

## भुक्तानी र मूल्य माग्दै सडकमै सुते किसान

**एसपी गौरव**
**सर्लाही ।**
रोप्छन् गुलियो उखु । पूर्वपश्चिम यात्रा गर्नेहरु पनि सडक छेउमै उखुको झाङ देखेर सोच्छन्, 'यहाँका जनता उखु बेचेरै कमाइरहेका छन् । सबैलाई चाहिने गुलियो, नगदे बाली उखु खेती कस्तो सप्रेको ? उसै पनि उखु गुलियो । उखुबाट खुदो, सक्खर बनाए झन गुलियो । चिनीको माग त झन बढेको बढ्यै छ । उखु लगाउनेलाई चिन्ता होला र ?'
तर, यिनै गुलियो उखु फलाउनेको आँखामा आँशु, परिवारमा ऋण र तनाव छ । त्यसैले उनीहरु पूर्वपश्चिम लोकमार्गअन्तर्गत हरिवन नगरपालिका–११ स्थित हरिवन बजारमा सोमबार सडकमै सुते, अनशन सुरु गरे । सरकारको कानमा बतास लाग्छ कि भन्ने उनीहरुलाई परेको छ ।
सिजनमा उखुको मूल्य तत्काल तोक्न र गतवर्षको अनुदानवापतको बक्यौता भुक्तानीलगायतका माग राख्दै सोमबार राजमार्गमै सुतेर तथा इन्दु शंकर चिनी उद्योग हरिवनको गेटमा आमरण अनशन बसेर उखु उत्पादक किसानले विरोध गरेको मिलगेट उखु उत्पादक समिति सर्लाहीका अध्यक्ष राजकुमार उप्रेती जानकारी दिए ।
उनका अनुसार उखु उत्पादक किसानले गतवर्ष चिनी उद्योगलाई बिक्री गरेको उखुको राज्यले दिनुपर्ने अनुदानवापतको प्रतिक्विन्टल ७० रुपैयाँमध्ये २१ रुपैयाँ मात्रै भुक्तानी भएको छ । बाँकी अनुदान वापतको प्रति क्विन्टल ४९ रुपैयाँका दरले ५२ करोड रुपैयाँ यथासिघ्र भुक्तानी र चालु सिजनका लागि उखुको मूल्य कम्तीमा सात सय ५० रुपैयाँ माग गर्दै आन्दोलनमा छन् ।



चालु सिजनको उखुको प्रतिक्विन्टल मूल्य निर्धारण नभएको र अनुदानवापतको राज्यले दिनुपर्ने बाँकी रकम भुक्तानी नभएको अवस्थामा जिल्लाका उखु उत्पादक किसानले चिनी उद्योग सञ्चालन नगर्नसमेत आग्रह गरेका नेपाल उखु उत्पादक किसान महासंघका अध्यक्ष कपिलमुनि मैनालीले बताए ।
उखु उत्पादक किसान नराखी कृषि, अर्थ, उद्योग मन्त्रालयले उद्योगीको हितमा किसानमारा मूल्य निर्धारण गर्दा जिल्लाका उखु उत्पादक किसान मारमा पर्नुका साथै उखुमा गरिएको लगानी नउठ्ने अवस्था आएपछि बाध्य भएर आन्दोलित भएका उखु किसानको आन्दोलनका अगुवा स्थानीय ताराराज पन्त(अर्जुन)ले बताए ।
उनका अनुसार उखु उत्पादक किसानको माग सम्बोधन नहुँदासम्म आन्दोलन जारी रहने र मंगलबार मशाल जुलुस तथा बुधबार पूर्वपश्चिम लोकमार्गमा चक्काजाम गर्ने कार्यक्रम छ ।
विरोध कार्यक्रममा मधेश प्रदेशसभा सदस्य जवाहरलाल कुशवाह, निवर्तमान प्रदेशसभा सदस्य डिल्लीप्रसाद उप्रेती, नेपाली कांग्रेस हरिवन नगर सभापति रामशरण उप्रेती, नेकपा माओवादी केन्द्र हरिवन नगर कमिटी अध्यक्ष ताराराज पन्त(अर्जुन), हरिवन नगरपालिका–११ का वडाध्यक्ष शेष मेहबुव रेजा, मिलगेट उखु उत्पादक समिति सर्लाहीका अध्यक्ष राजकुमार उप्रेतीसहित उखु उत्पादक किसानका अगुवाको सहभागिता छ ।
यता, जिल्लाका उखु उत्पादक किसानलाई चालु सिजनको उखुको मूल्य निर्धारण र गतवर्ष बिक्री गरेको उखुको राज्यले दिनुपर्ने अनुदान रकम माग गर्दै माओवादी केन्द्रका नेता एवम् उखु किसानका अगुवा शेष इस्तिहार इन्दु शंकर चिनी उद्योग हरिवनको गेटमा सोमबारबाट आमरण अनशनमा बसेका छन् ।

# भन्सार छलीका प्याजसहित पिकअप नियन्त्रणमा

**मधेशदृष्टि**
**वीरगंज ।**
जिल्ला प्रहरी कार्यालय पर्साले झण्डै डेढ लाख मूल्य बराबरका भन्सार छलीका प्याजसहित पिकअप नियन्त्रणमा लिएको छ ।

प्रहरीले वीरगंज–१४ गण्डक चोकस्थित सडकखण्डबाट ना ४ च ८७१३ नम्बरको पिकअप नियन्त्रणमा लिएको हो ।

भन्सार छलीका प्याज लिएर पिकअप वीरगंजबाट चितवनतर्फ गइरहेको सूचनाका आधारमा जाँच गर्दा पिकअपमा विल विजक भन्दा बढी प्याज फेला पारेर पक्राउ गरिएको पर्सा प्रहरीका प्रहरी नायब उपरिक्षक कुमारबिक्रम थापाले जानकारी दिए ।

प्याजको मूल्यांकन १लाख ४७ हजार ७५० रुपैँपा कायम गरी आवश्यक कारवाहीका लागि राजश्व अनुसन्धान कार्यालय पथलैया, बारामा बुझाइएको प्रहरीले जनाएको छ ।

# सहमतिसँगै विद्यालयमा लगाइएको ताला खोलियो

**मधेशदृष्टि**
**राजविराज ।**
आन्दोलनरत नरेन्द्र मेमोरियल मावि बोरियाका विद्यार्थी, विद्यालय र सरोकारवालाबीच सहमति भएको छ ।

सहमतिसँगै विद्यालयमा लगाइएको ताला खोल्दै आन्दोलन स्थगित गर्ने निर्णय भएको छ ।

राजविराज नगरपालिकाका शिक्षा शाखा प्रमुख भोगेन्द्र यादवको अध्यक्षतामा विद्यालय व्यवस्थापन समितिका पदाधिकारी, शिक्षक, अभिभावक, स्ववियु पदाधिकारीसहितको बैठकले ६ बुँदे सहमति भएको छ ।

२७ मङ्सिर विद्यालयमा भएको घट्ना सम्बन्धमा विद्यार्थीहरुप्रति कुनै किसिमको आग्रह, पूर्वाग्रह नराखी शैक्षिक कृयाकलाप सुचारु गरी विद्यालय परिवारले सौहार्द्रपूर्ण व्यवहार अपनाउने निर्णय बैठकले गरेको छ ।

विद्यालयमा शुल्क व्यवस्थापन समितिले तोकेको अनुसार उचित शुल्क मात्रै लिने र त्यस वापतको रसिद अनिवार्य दिने, घाइते भएकाको उपचार खर्च विद्यालय परिवारले व्यहोर्ने निर्णय पनि भएको छ । यस्तै, राजविराजको शिक्षा शाखा र विद्यालयमा लगाइएको ताला खोल्ने र प्रहरी कार्यालयमा दिइएको निवेदन फिर्ता लिने सर्वसम्मत निर्णय भएको छ ।

राजविराज नगरपालिका वडा नम्बर १६ स्थित रहेको उक्त विद्यालयले कक्षा ९ को रजिष्ट्रेशन शुल्क र कक्षा १० को परीक्षा दस्तुर राष्ट्रिय परीक्षा बोर्डले तोकिएको भन्दा बढी लिएपछि विद्यार्थीले प्रश्न उठाउँदै प्रधानाध्यापक रमानन्द सुनरैत र व्यवस्थापन समितिका अध्यक्ष रितेश यादवले कुटपिट गरेको भन्दै विद्यार्थी आन्दोलित भएका थिए ।

आन्दोलनमा विभिन्न राजनीतिक दल आवद्ध ५ विद्यार्थी सङ्गठनले समेत ऐक्यवद्धता जनाउँदै समर्थन जनाएका थिए ।

# सर्वोच्चद्वारा शेर्पालाई थुनामा पठाउनुको कारण माग

**मधेशदृष्टि**
**वीरगंज ।**
सर्वोच्च अदालतले नक्कली शरणार्थी प्रकरणमा मुछिएका संविधानसभा सदस्य आङटावा शेर्पालाई थुनामा पठाउनुको कारण पेश गर्न उच्च अदालत पाटनलाई आदेश दिएको छ ।

आफूलाई थुनामा राख्ने उच्च अदालत पाटनको आदेश बदर हुनुपर्ने माग राख्दै शेर्पा सर्वोच्च अदालत पुगेका थिए ।

सोमबार न्यायाधीश डा. आनन्दमोहन भट्टराईको इजलासले शेर्पाको हकमा ‘कैफियत प्रतिवेदन पेश गर्न’ आदेश दिएको हो । कुनै आरोपितलाई थुन्ने, धरौटीमा छाड्ने वा सामान्य तारिखमा रिहा गर्न आदेश दिनुको कारण र आधार खुलाएको प्रतिवेदनलाई कैफियत प्रतिवेदन भनिन्छ । नक्कली भुटानी शरणार्थी प्रकरणमा जिल्ला अदालत काठमाडौंले पुर्पक्षका लागि थुनामा पठाएका शेर्पालाई १५ मंसिरमा उच्च अदालत पाटनले सदर गर्दै थुनामा पठाउने आदेश गरेको थियो ।

त्यो आदेश बेरितको रहेको भन्दै शेर्पाले आफूलाई सामान्य तारिखमा छाड्नुपर्ने माग राखी सर्वोच्च अदालत पुगेका हुन् ।

उच्च अदालतले पूर्वमन्त्री टोपबहादुर रायमाझी, तत्कालिन गृहसचिव टेकनारायण पाण्डे, इन्द्रजित राई, केशव दुलाल, सानु भण्डारी, सागर राई, गोविन्द चौधरी, सन्देश शर्मा र आङटावा शेर्पालाई थुनामा राख्न आदेश दिएको थियो ।

उच्च अदालतले बालकृष्ण खाँण र सन्दीप रायमाझीलाई ३० लाख, टेकनाथ रिजाल, हरिभक्त महर्जन र रामशरण केसीलाई १५ लाख, नरेन्द्र केसी र शमशेर मियाँलाई १० लाख धरौटीमा छाड्न आदेश दिएको थियो ।

धरौटी नबुझाएका कारण टेकनाथ रिजाल भने हालसम्म पनि थुनामै छन् । उच्च अदालतले लक्ष्मी महर्जन, टंक गुरुङ, केशव तुलाधर र आशिष बुढाथोकीलाई साधारण तारिखमा रिहा गर्न आदेश दिएको थियो । उच्च अदालतको आदेश पाएकामध्ये सर्वोच्च अदालत पुग्ने आङटावा शेर्पा पहिलो व्यक्ति हुन् ।

# श्रीलंकाका विदेशमन्त्री साब्री नेपाल आउने



**मधेशदृष्टि**
**वीरगंज ।**
श्रीलंकाका विदेशमन्त्री मोहम्मद उवैस मेहम्मद अली साब्री नेपाल भ्रमणमा आउने भएका छन् । नेपाल–श्रीलंका संयुक्त आयोगको बैठकमा सहभागी हुन साब्री बुधबार नेपाल आउने भएका हुन् ।

नेपाल श्रीलंकाको विदेशमन्त्रीस्तरीय संयुक्त बैठक २१ र २२ डिसेम्बरमा काठमाडौँमा हुने भएको छ ।

परराष्ट्र मन्त्रालय स्रोतका अनुसार श्रीलंकाका विदेशमन्त्री साब्री बैठक सकेर शुक्रबार स्वेदेश फिर्ता हुनेछन् । बैठकमा नेपाल र श्रीलंकाबीच रहिआएको बहुआयामिक सम्बन्धका विविध विषयमा छलफल हुनेछ । विदेशमन्त्री साब्रीको भ्रमण र आगामी बैठकका बारेमा छलफल गर्न नेपालका लागि श्रीलंकाका राजदूत सुदर्शना पाथिरानाले परराष्ट्रमन्त्री एनपी साउदसँग भेट गरेका छन् । बैठकमा कूटनीतिक एवम् व्यापारिक, सांस्कृतिक, शैक्षिक सम्बन्ध कसरी विस्तार गर्न सकिन्छ भन्ने विषयमा बैठकमा व्यापक छलफल हुनेछ । तत्कालीन राष्ट्रपति विद्यादेवी भण्डारीले सन् २०१७ मेमा क्यान्डीमा आयोजित अन्तर्राष्ट्रिय वेसाक दिवसको समापन समारोहमा सहभागी हुन श्रीलंकाको भ्रमण गरेकी थिइन् ।

त्यसैगरी १८औँ सार्क शिखर सम्मेलनमा सहभागी हुन श्रीलंकाका तत्कालीन राष्ट्रपति महिन्दा राजापाक्षेले नोभेम्बर २०१४ मा नेपाल भ्रमण गरेका थिए । यस्तै, श्रीलंकाका राष्ट्रपति मैत्रीपाला सिरिसेनाले चौथो बिमस्टेक शिखर सम्मेलनमा २०१८ मा नेपालको भ्रमण गरेका थिए । नेपाल र श्रीलंकाबीच सन् १९७९ अप्रिलमा द्विपक्षीय व्यापार सम्झौतामा हस्ताक्षर भएको थियो ।

# सप्तरीमा ड्रोन प्रयोग, प्रशासन बेखबर

**मधेशदृष्टि**
**राजविराज ।**
अनुमति नलिई मानवरहित हवाई उपकरण (ड्रोन) को प्रयोग सप्तरीमा व्यापकरूपमा प्रयोग हुँदा समेत स्थानीय निकाय, प्रहरी, प्रशासन बेखबर छन् । सप्तरीका विभिन्न स्थान पुरातात्त्विक, धार्मिक, ऐतिहासिक सम्पदा तथा वन क्षेत्रमा मानवरहीत हवाई उपकरण (ड्रोन) को प्रयोग अत्यधिक मात्रामा हुन थालेको पाइएको हो । सप्तरीका विभिन्न स्थानमा ड्रोन बाट खिचिएका तस्वीरहरू तथा भिडियोहरू समाजिक सञ्जालमा व्याप्त भेटिएका छन् । धार्मिक तथा पर्यटकीय स्थल, एवम् बन क्षेत्रमा जथाभावी ड्रोन उडाउने र सामाजिक सञ्जालमा पोष्ट गरि भाईरल हुईने भन्दै अनुमति विना ड्रोन उडाइन थालिएको छ । पछिल्लो समय सप्तरीको धारापानी पर्यटकीय क्षेत्र लोहाजारा दह, तथा विभिन्न ऐतिहासिक स्थल तथा मव बस्तीमा ड्रोन उड्दै छ । स्थानीय प्रशासन तथा निकायले पुरातात्त्विक, धार्मिक, ऐतिहासिक वा नियन्त्रित भनी वर्गीकरण गरेको क्षेत्रमा पनि ड्रोन उडाउन नपाइने नियम रहेको भए ता ड्रोन उडाउन अनुमति भने लिइएको छैन । डिभिजन वन कार्यालय सप्तरीका डिभिजनल वन अधिकृत हेमन्त प्रसाद साहका अनुसार वन क्षेत्रमा सरकारी निकायले समेत ड्रोन उडाउन वनसँग अनुमति लिनु पर्ने हुन्छ । कञ्चनरूपको धारापानी सामुदायिक बन , राष्ट्रिय वन क्षेत्रमा ड्रोन उडाउने अनुमति कसैले नलिइएको बताए । यता कञ्चनरूप इलाका प्रहरी कार्यालयका डीएसपी दीपक कुमार रायका अनुसार ड्रोन उडाउन भनेर कैले पनि जानकारी कार्यलयमा नगराएको बताए । पुरातात्त्विक, धार्मिक, ऐतिहासिक सम्पदा तथा वन क्षेत्र सिमसार क्षेत्रमा उडाई खिचिने तस्वीर तथा भिडियोले चोरी तस्करी गर्नेलाई प्रश्रय पुग्ने देखिएको जानकारहरू बताउँछन् । मानवरहित हवाई उपकरण (ड्रोन) उडाउने सम्बन्धी कार्यविधि २०७५ सालमा जारी गरिसकेको छ । कार्यविधिमा भनिएको छ । सरकारी निकाय, कूटनीतिक नियोग, प्रतिष्ठान रहेको इलाका, अस्पताल, धार्मिक, सांस्कृतिक, पुरातात्विक र ऐतिहासिक महत्वको इलाका, हवाई मार्ग तथा हवाई उड्डयन सञ्चालन क्षेत्र, सैनिक तथा सुरक्षा निकाय रहेको क्षेत्रमा ड्रोन उडान नपाइने उल्लेख छ । यसैगरी बस्ती, समुदाय, संरक्षित तथा आरक्षित क्षेत्रलाई मध्यम र मानव बस्तीरहित, संरक्षित वा नियन्त्रित क्षेत्र बाहेकका खुल्ला क्षेत्रलाई सामान्य क्षेत्रको रुपमा वर्गीकरण गरेको छ । नेपालको कानून अनुसार ड्रोन उडान गर्न जोकसैले भने पाउँदैन । यसका लागि १८ वर्ष उमेर पुरा गरेको र रेडियो फ्रिक्वेन्सी सम्बन्धी आधारभूत ज्ञान तथा तालिम प्राप्त गरेको हुनुपर्दछ । साथै उडान उपकरण सम्बन्धी आधारभूत ज्ञान समेत हुन आवश्यक छ । व्यवसायिक रुपमा ड्रोन उडान गर्न चाहने व्यक्तिको योग्यता पुगेको वा नपुगेको विषयमा नागरिक उड्डयन प्राधिकरणले मूल्याङ्कन र परीक्षण गर्ने व्यवस्था गरिएको छ । यद्यपि यस्तो क्षेत्रमा उडान गर्नु अघि नजिकैको प्रहरी वा सुरक्षा इकाईलाई अनिवार्य रुपमा जानकारी भने गराउनुपर्ने हुन्छ ।

साथै व्यक्तिगत गोपनीयतामा आँच पुग्नेगरि उडान गर्न चाहिँ पाइँदैन । सरकारी नियम विपरित ड्रोन उडाएको खण्डमा नागरिक उड्डयन प्राधिकरण ऐन तथा विद्युतीय कारोबार ऐन अनुसार कारबाही हुनसक्छ । अनुमति नलिई ड्रोन उडान गरेको खण्डमा अनधिकृत ड्रोन जफत गरिने व्यवस्था ड्रोन सम्बन्धी कार्यविधिमा उल्लेख छ ।

# १५ शैयाको नगर अस्पताल भवन प्रयोगविहीन

**एसपी गौरब**
**सर्लाही**
जिल्लाको हरिपुर्वा नगरपालिका २ मा निर्मित १५ शैयाको नगर अस्पताल भवन निर्माण सम्पन्न भएको लामो समय भई सक्दा समेत प्रयोगमा आउन सकेको छैन् ।तत्कालीन स्वास्थ्य तथा जनसंख्या मन्त्री राजेन्द्र महतोले २०६९ साल जेठ २ गते शिलान्यास गरेको हरिपुर्वा नगरपालिका २ स्थित निर्माण भएको १५ शैयाको नगर अस्पताल निर्माण सम्पन्न भएको डेढ वर्ष हुँदा समेत प्रयोगमा नआएको हो । निर्माण भएको अस्पताल भवन सञ्चालनमा नआउँदा आफ्नै ठाउँमा अस्पताल भएपनि सेवा लिन अन्यन्त्र जानु परेको हरिपुर्वाका स्थानीय रामविनय यादवले गुनासो गरे । उनका अनुसार सामान्य बिरामी पर्दासमेत उपचारका लागि लालबन्दी, मलंगवा, बर्दिवास, जनकपुर तथा काठमाडौँ जानुपर्ने बाध्यता रहेको छ । ‘गाउँमै यति ठुलो अस्पताल भवन बनेको छ तर सञ्चालन गर्न जनप्रतिनिधिहरुले चासो देखाएका कारण आमनागरिक सामान्य बिरामी पर्दा पनि टाढा टाढासम्म धाउनुपर्ने बाध्यता छ।’ स्थानीय यादवले बताए ।अस्पताल भवन निर्माणका लागि हरिपुर्वा नगरपालिका २ का स्थानीय विनोद साहले १० कठ्ठा जमिन निःशुल्क उपलब्ध गराएका थिए।सोही जमिनमा निर्माण भएको १५ शैयाको अस्पताल भवन भने अहिले अलपत्र परेको छ । निर्माण भएको अस्पताल सञ्चालन नहुँदा स्थानीयले सास्ती खेपिरहेका जग्गाद दाता साहले बताए । ‘गाउँमा धेरैको अकालमा मृत्यु भएको र महिलालाई प्रसूति गराउन जनकपुर वा काठमाडौँ धाउनुपर्ने बाध्यता देखेर गाउँमै अस्पताल निर्माण होस् भनी जग्गा दिएँ, अस्पताल पनि निर्माण भयो तर प्रयोगमा आउन सकेन् ।’ साहले गुनासो गरे । विभिन्न राजनीतिक विवादले नगर अस्पताल भवन निर्माण हुनै करिब १० वर्ष लागेको थियो।भने निर्माण भएपछि पनि सञ्चालन हुन सकेको छैन। राजनीतिक खिचातानीका कारण अस्पताल यसरी अलपत्र परेको जग्गादाता साहको भनाइ छ। अस्पताल सञ्चालन नहुँदा गाउँका गरिब तथा विपन्न परिवारका मानिस महँगो एम्बुलेन्स भाडा तिरेर अन्यत्र जान बाध्य भएका हरिपुर्वा नगरपालिका २ का वडाध्यक्ष दिनेश राय यादवले बताए । ‘यहाँ कोही आकस्मिक बिरामी परेर उपचार गर्न एम्बुलेन्समा जनकपुर जानु पर्दा पाँच हजार, काठमाडौँ जाँदा १६ हजार र मलंगवा जाँदा तीन हजार रुपैयाँ भाडा तिर्नु पर्छ, कमसेकम निर्माण भएको नगर अस्पताल प्रयोगमा आए स्थानीयलाई त्यति सास्ती हुने थिएन् ।’ वडाध्ययक्ष यादवले बताए । १५ शैयाको नगर अस्पताल सञ्चालनका लागि आफूले गत आर्थिक वर्ष २०७९÷०८० मै रु एक करोड बजेट विनियोजन गरे पनि नगरका जनप्रतिनिधिहरुले सो बजेट चलाउन खोज्दा तत्कालीन प्रमुख प्रशासकीय अधिकृत वसन्त न्यौपानेलाई दुव्र्यवहार नै भएकाले अस्पताल सञ्चालनमा आउन समय लागेको हरिपुर्वा नगरपालिकाका नगर प्रमुख विनोदकुमार साह तेलीले बताए । उनले चालु आव २०८०÷०८१ मा नगर सभा नै नभएर बजेट पारित नभएकाले अस्पताल सञ्चालन गर्न नसकिएको स्वीकार गरे । ‘बजेट चल्नासाथ डाक्टरको व्यवस्थापन गरी अस्पताल सञ्चालन गर्ने योजना छ’,नगर प्रमुख साहले भने, ‘प्रमुख प्रशासकीय अधिकृत नभएर चालु आर्थिक वर्षको नगर सभा गर्न नपाएको कारण वार्षिक बजेट,नीति तथा कार्यक्रम ल्याउन नपाएको नगर प्रमुख साहले बताए । हरिपुर्वा नगरपालिका विगत करिब १५ महिनाको अन्तरालमा सातजना प्रमुख प्रशासकीय अधिकृतको सरुवा भई सकेको भएपनि चालु आर्थिक वर्षको नगर सभा हुन सकेको छैन । नेपाल सरकारका खानेपानी मन्त्री महेन्द्र राय यादव र हरिपुर्वा नगरपालिका नगर प्रमुख विनोद कुमार साह विचको आपसी विवादका कारण नगरपालिकामा प्रमुख प्रशासकीय अधिकृत नआउँदा नगर सभा नहुँदा अस्पताल अभिभावक विहीन भएको हो ।

# विधान संशोधन गर्ने एकीकृत समाजवादीको तयारी

**मधेशदृष्टि**
**वीरगंज ।**
सत्तारुढ दल नेकपा एकीकृत समाजवादीको केन्द्रीय सचिवालय बैठकमा विधान संशोधन सम्बन्धी प्रस्ताव पेश भएको छ ।

सोमबार पार्टी केन्द्रीय कार्यालय आलोकनगरमा बसेको पार्टीको सचिवालय बैठकमा विधान संशोधन कार्यसमितिले विधान संशोधन सम्बन्धी प्रस्ताव पेस गरेको हो । पार्टीको यसअघि बसेको सचिवालय बैठकले पार्टीका संगठन विभाग प्रमुख र उपाध्यक्ष वेदुराम भुषालको संयोजकत्वमा बनेको महासचिव घनश्याम भुसाल र उपमहासचिव प्रकाश ज्वालासहितको तीन सदस्यीय विधान संशोधन कार्यसमिति गठन गरेको थियो । सोही समितिले विधान संशोधन सम्बन्धी प्रस्ताव पेस गरेको पार्टीका सचिव जीवनराम श्रेष्ठले बताए ।

उनले समितिको तर्फबाट सोमबारको बैठकमा विधान संशोधन सम्बन्धी प्रस्ताव पेस भएको र प्रस्ताव उपर सोमबार छलफल भएको बताए । उनले प्रस्तावमाथिको छलफल मंगलबारको सचिवालय बैठकमा पनि जारी रहने बताए ।

उनले भने, ‘बैठकमा पार्टीका संगठन विभाग प्रमुख र उपाध्यक्ष कमरेड वेदुराम भुषालको संयोजकत्वमा महासचिव कमरेड घनश्याम भुसाल र उपमहासचिव कमरेड प्रकाश ज्वाला तीन सदस्यीय एउटा विधान संशोधन कार्यसमिति बनेको थियो । त्यही समितिको तर्फबाट आजको बैठकमा विधान संशोधन सम्बन्धी प्रस्ताव पेस भयो । प्रस्ताव उपर आज छलफल भयो र आफ्नो विचार राख्ने काम भएको छ । बैठक भोलि पनि जारी रहन्छ ।’ उनले सचिवालय बैठक मंगलबार पनि जारी रहने बताए ।

# स्वास्थ्य बीमाका बिरामीले १० प्रतिशत आफैँ तिर्नुपर्ने

**रासस**
**काठमाडौँ ।**
स्वास्थ्य बीमाका बिरामीले लागत साझेदारी (कोपेमेन्ट) गर्नुपर्ने भएको छ । स्वास्थ्य बीमा बोर्डले आगामी माघ १ गतेदेखि १० प्रतिशत बिरामीबाट उपचार खर्च लिने गरी कोपेमेन्ट गर्न लागेको हो । बोर्डका अध्यक्ष डा गुणराज लोहनीका अनुसार बीमा लागू भएका सबै अस्पतालमा कोपेमेन्ट लागू गरिँदैछ । सरकारी, सामुदायिक र निजी सबैखाले अस्पतालमा यो व्यवस्था लागू हुनेछ । लोहोनीले भने, ‘यसले राज्यलाई आर्थिक भार कम गर्छ ।’ उनका अनुसार सबै स्वास्थ्य बीमाले समेट्दै गर्दा अनावश्यक प्रभावमा उपचार हुने गरेको गुनासो आइरहेको थियो । बीमाको रकम बाँकी रहेको भन्दै बीमाकर्ताले आवश्यक नपर्दासमेत विभिन्न परीक्षणका लागि चिकित्सकलाई दबाब दिने गरेका छन् । कोपेमेन्ट लागू भएसँगै दबाब कम हुने अपेक्षासमेत गरिएको छ ।

कोपेमेन्ट लागू भएसँगै आवश्यकताअनुसार थप निजी अस्पताललाई समेत बीमामा समावेश गरिँदैछ । उनले भने, ‘थप सेवा कहाँ आवश्यक छ हेरेर निजी र सामुदायिकलाई पनि दिने निर्णय गर्छौं ।’ अस्पतालमा एक महिनाका लागिमात्रै बीमाका बिरामीलाई औषधि दिने गर्दा भीड हुने गरेको छ ।

बिरामीलेसमेत दुःख पाउने गरेका छन् । उच्च रक्तचाप, मधुमेह, कोलस्ट्रोल, दमजस्ता रोगको नियमित खानुपर्ने औषधि तीन महिनाका लागि एकैपटक दिने व्यवस्था गरिएको डा लोहनीले जानकारी दिए । माघ १ गतेदेखि यो व्यवस्था लागू हुनेछ । हाल अस्पतालले बीमाको सेवा दिएर पनि महिनौँ भुक्तानी नपाउँदा समस्या परेको जनाउँदै आएका छन् ।

डा लोहनीले बीमाको रकम दाबी गरेको एक महिनाभित्रमा भुक्तानी दिने गरी गृहकार्य थालिएको बताए । उनले भने, ‘सेवा दिएपछि भुक्तानी दिनुपर्छ, एक महिनाभित्रमा भुक्तानी पाउने व्यवस्था हुन्छ ।’ उनका अनुसार नेपालमा ३० लाख हाराहारी परिवार स्वास्थ्य बीमामा जोडिएका छन् । विसं २०७२ मा सामाजिक स्वास्थ्य सुरक्षाका रुपमा सुरुआत भएको यो कार्यक्रम हाल स्वास्थ्य बीमा बोर्डले सञ्चालन गर्दै आएको छ । स्वास्थ्य बीमा ऐन, २०७४ जारी भई स्वास्थ्य बीमा नियमावली २०७५ समेत पारित भएर कार्यान्वयनमा आएको छ ।


# त्रिविले बनायो विश्व किर्तिमानः बाह्र हजार विद्यार्थी दीक्षित



**मधेशदृष्टि**
**काठमाडौँ ।**
त्रिभुवन विश्वविद्यालयले एकै दिन सर्वाधिक भौतिक उपस्थितिमा विद्यार्थीहरूलाई दीक्षित गरेर विश्व किर्तिमान बनाएको छ । सोमबार दशरथ रंगशालामा आयोजित त्रिविको ४९ औं दिक्षान्त समारोहमा १२ हजारभन्दा बढी विद्यार्थीलाई दीक्षित गरेर विश्व किर्तिमान बनाएको हो । त्रिविले विश्व कीर्तिमान बनाउने दाबीसहित गिनिज बुक अफ वल्र्ड रेकर्डलाई निम्त्याएको थियो । सोहीअनुसार अफिसियल वर्ल्ड रेकर्ड एसोसिएसन (ओडब्लुआर) का प्रतिनिधिले प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’ लाई विश्वकीर्तिमानको प्रमाणपत्र हस्तान्तरण गरेका थिए । त्रिभुवन विश्वविद्यालयको ४९औँ दीक्षान्त समारोहमा विभिन्न सङ्काय र तहमा उपाधिप्राप्त १२ हजार चार सय १५ विद्यार्थी दीक्षित भएका छन् । समारोहमा राष्ट्रपति रामचन्द्र पौडेलको उपस्थितिमा प्रधानमन्त्री एवं कुलपति पुष्पकमल दाहाल ‘प्रचण्ड’ बाट विद्यार्थीहरु दीक्षित भएका हुन् । त्रिविको ६१औँ ग्रेसलिष्टमा परेका ७४ हजार सात सय ४९ विद्यार्थीमध्ये यसपटक १२ हजार चार सय १५ जनाले दीक्षान्त समारोहमा सहभागिताका लागि आवेदन दिएका थिए । निवेदन दिएकामध्ये स्नातक तहतर्फ आठ हजार ९८ जना, स्नातकोत्तर तहतर्फ चार हजार एक सय चार, एमफिलतर्फ ४४ तथा विद्यावारिधितर्फ एक सय १२ विद्यार्थी दीक्षित भएका हुन् ।

विश्वविद्यालयका कार्यवाहक उपकुलपति प्रा डा शिवलाल भुसालले विसं २०७९ असार १ देखि २०८० जेठ मसान्तसम्म उत्तीर्ण गरेका विद्यार्थी दीक्षान्त समारोहमा सहभागी हुन पाउने व्यवस्था गरिएको जानकारी दिए । गत वर्ष १० हजार तीन सय विद्यार्थी दीक्षान्त समारोहमा सहभागी भएका थिए ।

# सुधार गृहमा बालकैदीका दुःख



**मधेशदृष्टि**
**पर्सा ।**
वीरगंज महानगरपालिका वडा नं–४ बिर्तामा अवस्थित बाल सुधार गृहमा रहेका ११५ जना बालकैदीमध्ये ९० जना पुर्पक्षमा थुना छन् । २ देखि ५ वर्षसम्म पुर्पक्षमा थुनामा बस्दै आएका बालकैदीहरू अदालतले छिटो फैसला गरिदिओस् भन्ने चाहन्छन् । मुलुकी ऐनले बालबालिकासम्बन्धी मुद्दा द्रुतमार्गबाट छिटो टुङ्ग्याउनुपर्ने कानुनी व्यवस्था गरेको छ ।तर, उनीहरु वर्षौंदेखि बालगृहमा कष्टकर दैनिकी बिताइरहेका छन् ।
विभिन्न मुद्दामा थुनामा रहेका उनीहरुले बालसुधार गृहमा खान, बस्न असाध्यै साँघुरो भएको, कुनै सीप, पढाइलेखाइको व्यवस्था नभएको, वैतनिक वकिल नभएको गुनासो गरेका छन् । उनीहरु भन्छन्, ‘यहाँ न खेल्ने ठाउँ छ न त कुनै खेल समाग्री, पढ्ने वातावरणको त कुरै छोड्नुस् हामीलाई गोरु, भैँसी जस्तो थुनेर राखेका छन् ।’
बालसुधार गृहमा रहेका बालकैदीहरूमध्ये अधिकांश लागुऔषध ओसारपसार, जबरजस्ती करणी, चोरी मुद्दामा थुनामा छन् । १७–१८ वर्षको उमेरमा पुर्पक्षमा थुनामा रहेका बालकैदीहरू अहिले २२–२३ वर्षका पुगिसकेका छन् । अदालतबाट ६ महिना देखि २ वर्षसम्म सजाय हुने मुद्दामा पनि लामो समयदेखि पुर्पक्षमा थुनामा बस्नुपर्ने उनीहरुलाई बाध्यता छ । सामान्यतया घरमा दुई जना सुत्न मिल्ने कोठाका १५ जना खचाखच गरेर सुत्नुपर्ने, शौचालयको पनि त्यस्तै समस्या भएको उनीहरु बताउँछन् ।जिल्ला प्रशासन कार्यालय पर्साले उनीहरुलाई मानव सेवा आश्रमको भवनमा सार्ने विषयमा वीरगंज महानगरसँग छलफल गरिरहेको बुझिएको छ । यसअघि भक्तपुरका बालकैदी र वीरगंजका बालकैदीहरूबीच दोहोरो झडपको अवस्था सिर्जना भएपछि प्रत्येक महिनाको २७ गते जिल्ला प्रशासन कार्यालय पर्साको टोलीले बालसुधार गृहको अनुगमन गर्ने गरेको छ ।

# सामाजिक सुरक्षा नीति निर्माणबारे कार्यशाला



**मधेशदृष्टि**
**लालबन्दी ।**
सर्लाहीमा जनप्रतिनिधि र कर्मचारीका लागि सामाजिक सुरक्षा नीति निर्माण सम्बन्धि कार्यशाला सम्पन्न भएको छ । जिल्लाको हरिपुर नगरपालिकाका जनप्रतिनिधि र कर्मचारीका लागि सेभ द चिल्ड्रेनको सहयोगमा सामाजिक सुरक्षा नीति निर्माण सम्वन्धी २ दिने कार्यशाला सम्पन्न भएको हो । लालबन्दीको एक होटलमा ग्रामीण नारी उत्थान संघ हरिपुरको आयोजनामा भएको कार्यक्रमका सहभागीलाई सेभ द चिल्ड्रेनका गोपाल नेपालीले सामाजिक सुरक्षा नीतिका विषयमा प्रष्ट् पारे । कार्यशालामा पहुँच परियोजना सञ्चालन भएको हरिपुर नगपालिकाका विभिन्न वडाका वडाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत कमलबहादुर कार्की, विभिन्न शाखाका प्रमुखलगायतको सहभागिता रहेको थियो । सामाजिक सुरक्षा नीतिको दीर्घकालीन सोँच, भिजन, मिस्सन, लक्ष्य र उद्देश्य निर्धारण गर्ने उद्देश्यले कार्यशाला आयोजना गरिएको ग्रामीण नारी उत्थान संघ पहुँच परियोजना संयोजक आशिष रेग्मीले बताए । त्यसैगरी ५ वर्ष मुनिका बालबालिका, ६ देखि १८ बर्षसम्मका बालबालिका, १९ देखि ५९ बर्षसम्मका वयस्क र ६० वर्ष माथिका वृद्धवृद्धाहरुमा के कस्ता समस्या रहेका छन्, नगरपालिका, संघ र प्रदेशले संचालन गरेका कार्यक्रमहरु, थप गर्नुपर्ने कार्यक्रम र सहायताबारे कार्यक्रममा छलफल गरिएको थियो ।कार्यक्रमको अन्तिम दिन आइतबार सामाजिक सुरक्षा नीति मस्यौदा गर्न ७ सदस्यीय समिति समेत गठन गरिएको छ । समितिको संयोजकमा वडा नम्बर ६ का वडाध्यक्ष प्रेमहरी श्रेष्ठ रहेका छन्, भने अन्य सदस्यहरुमा सामाजिक विकास शाखाका रुपलाल देवकोटा, शिक्षा शाखाका नागेश्वर राय, महिला विकास शाखाका सुधा काफ्ले, स्वास्थ्य शाखाका राम नरेश ठाकुर, कार्यपालिका सदस्य हिरा विश्वकर्मा र पहुँच परियोजनाको संयोजकमा आशिष रेग्मी चयन भएका छन् ।केही केहि दिन अगाडि ईश्वरपुर नगरपालीकाका जनप्रतिनिधि र कर्मचारीका लागि पनि यस्तै प्रकारको कार्यशाला आयोजना गरिएको थियो ।




# छोरा गुमाएपछि परिवारलाईऋण तिर्ने चिन्ता

**मधेशदृष्टि**
**बारा ।**
प्रहरीको गोली लागेर सिम्रौनगढ नगरपालिका वडा नं १ का लक्ष्मी मुखिया बिनको निधन भएपछि उनको परिवार शोकमा डुबेको छ । नगरपालिकाको विरोध कार्यक्रम हेर्न गएका मुखियाको बुधवार प्रहरीको गोली लागेर घटनास्थलमै मृत्यु भएको थियो ।
छोरा मृत्यु भएपछि पूरा परिवार भाव विह्वल अवस्थामा छ । घरमा कमाउने छोराको ज्यान गएपछि नाबालक नाति नातिनाको रेखदेख मात्रै होइन सहकारी र लघुवित्तको १० लाख ऋण कसरी तिर्ने भन्ने चिन्ता परिवार छ । मुखियाकी आमा सुरथिया देवी प्रहरीको लापरबाहीका कारण आफ्नो छोराले अकालमा ज्यान गुमाउनु परेको बताउँछिन् । मृतक मुखियाको श्रीमति, २ वर्षको छोरा र ४ महिनाकी छोरी छन् ।सम्पत्तिको नाममा ५ धुर सार्वजनिक जग्गामा बनाएको सानो घर बाहेक केही छैन । मृतक मुखियाले घर बनाउने ज्यालादारी काम गरेर परिवारको पेट पाल्दै आएका थिए । दैनिक ज्यालादारी काम नपाएको दिन छाक टार्न धौधौ हुन्थ्यो ।
सिम्रौनगढ नगरपालिकामा कर्मचारी, शिक्षक, स्वास्थ्यकर्मीले सेवा सुविधा नपाएका भन्दै कार्यालय मुलगेटमा ३ महिनादेखि शान्तिपूर्ण धर्ना बस्दै आएका छन् । गत बुधवार नगरप्रमुख किशोरी प्रसाद कलवारले पचरौता नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत महेश मिश्रलाई सिम्रौनगढमा हाजिर गराउन ल्याएपछि झडपको अवस्था सिर्जना भएको थियो । सोही क्रममा आन्दोलनकारीले नगरप्रमुखको गाडी तोडफोड गरेपछि प्रहरीले चलाएको गोली लागेर स्थानीय २५ वर्षीय युवा लक्ष्मी मुखियाको ज्यान गएको हो । नगर सभामा नेपाली कांग्रेस बहुमत रहेको सिम्रौनगढमा नगरप्रमुख कलवारले मुख्यमन्त्रीको इशारामा प्रमुख प्रशासकीय प्रमुख ल्याएको आरोप छ । मधेस प्रदेशका मुख्यमन्त्री सरोज कुमार यादवको निजी निवास पनि यसै पालिकाको वडा नं ३ मा छ । जिल्ला प्रशासन कार्यालय र परिवारको सदस्यबीच विभिन्न मागमा भएको सहमतिमा परिवारको सदस्यलाई रोजगारी दिने विषयमा नगरपालिकासँग समन्वय गर्ने बुँदा पनि छ ।

# गोरु दौड प्रतियोगिता



**मधेशदृष्टि**
**सिराहा ।**
विवाह पञ्चमीको अवसरमा सिरहामा गोरुदौड प्रतियोगिता भएको छ । जिल्लाको सखुवानन्कारकट्टी गाउँपालिका –५ स्थित इटहर्वा बलान नदीमा गोरुदौड प्रतियोगिता भएको हो ।बलान नदीमा वर्षेनी गोरुदौड प्रतियोगिताको आयोगना गरिन्छ । प्रतियोगितामा सिराहा, सप्तरीका दर्जनौं प्रतियोगीहरु गोरु बैलगाडी लिएर सहभागी भएका थिए । प्रतियोगितामा सप्तरी बलान बिहुल गाउँपालिका–४ बेलहीका शिवनारायण यादवको गोरु (बैल) प्रथम भएको छ । सिरहा सखुवानन्कारकट्टी –५ का रमानन्द कुस्यैतकका गोरु दोस्रो र सप्तरी बोदेबर्साईनका महेन्द्र यादवको गोरु तेस्रो स्थान ल्याउन सफल भएको छ ।प्रथम जित हासिल गरेकालाई २ तोला चाँदी, १ थान बाल्टी, १ बोरा खली, २ थान घुघुरसहित गोरु धनीलाई गम्छाले सम्मानित गरिएको थियो । त्यस्तै दोस्रो जित हासिल गरेकालाई १ तोला चाँदी, १ थान बाल्टी, १ बोरा खली, २ थान घुघुर र गोरु धनीलाई गम्छा तथा तेस्रो पुरस्कार १ थान बाल्टी, १ बोरा खली, २ थान घुघुर एवम् गोरु धनीलाइ गम्छाले सम्मानित गरिएको मेला आयोजक समितिले जनाएको छ ।प्रतियोगितामा सखुवानन्कारकट्टी गाउँपालिकाकी उपप्रमुख निलम यादवको प्रमुख आतिथ्य तथा सशस्त्र प्रहरी वेश क्याम्प ठाडीका डिएसपी दुर्गाप्रसाद भट्ट, ईलाका प्रहरी कार्यालय लहानका डिएसपी भोलाप्रसाद भट्टसहितको सुरक्षा टोलीको उपस्थिति रहेको थियो ।

# बलात्कार घटनाका आरोपितविरुद्ध उजुरी

**मधेशदृष्टि**
**सप्तरी ।**
३८ वर्षीया महिलालाई बलात्कार गरेको आरोपमा सुरुङ्गा नगरपालिका–९ टिकुलियाका ३६ वर्षीय सरिफ मियाँ र उनकी पत्नी ३० वर्षीया कुल्सुम खातुनविरुद्ध गत मङ्सिर २८ गते इलाका प्रहरी कार्यालय कडरबोनामा उजुरी दर्ता भएको छ ।आरोपितहरूले विश्वासघात गरी ६ लाख रुपियाँ ठगी गर्नुका साथै सरिफले कात्तिक ५ गते युसुफ मियाँको बगैचामा बलात्कार गरेको भन्दै पीडितले दिएको उजुरी दर्ता गरिएको इलाका प्रहरी कार्यालय कडरबोनाले जनाएको छ ।
पीडितले मङ्सिर २५ गते इलाका प्रहरी कार्यालय कडरबोनामा उजुरी दिएका थिए । पीडितको स्वास्थ्य परीक्षण प्रादेशिक अस्पताल लहानमा मङ्सिर २५ गते भयो । आरोपितहरू फरार रहेका छन् । फरार आरोवितहरूविरुद्ध पक्राउ पुर्जी जारी भएको सप्तरी जिल्ला अदालतले जनाएको छ । उनीहरुको खोजीकार्य गरिरहेको सप्तरी प्रहरीले जनाएको छ ।

# दशगजा नजिक युवकको शव फेला

**मधेशदृष्टि**
**सर्लाही ।**
जिल्लाको दशगजा नजिक एक युवकको शव फेला परेको छ ।मलंगवा नगरपालिका–८ दशगजा क्षेत्रमा बरहथवा नगरपालिका–५ का २२ वर्षीय इजहारुल महम्मद शेष मृत फेला परेका हुन् ।
आइतबार दिउँसो १ बजेतिर उनी मृत फेला परेको सर्लाहीका प्रहरी प्रवक्ता डिएसपी दीपेन्द्र पञ्जियार थारुले जानकारी दिए ।
उनको मुखबाट फिज आएको र शरीरमा कतै कुनै घाउचोट नदेखिएकाले अत्यधिक लागुऔषध सेवनको कारण मृत्यु भएको हुन सक्ने प्रहरीको अनुमान छ ।शव पोस्टमार्टमको लागि प्रादेशिक अस्पताल मलंगवामा राखिएको र घटना विषयमा थप अनुसन्धान गरिरहेको डिएसपी थारुले बताए ।

# नवनिर्मित मन्दिर तथा धर्मशालाको उद्घाटन

**मधेशदृष्टि**
**सिरहा ।**
मधेश प्रदेशका पूर्वराज्यमन्त्री तथा जनता समाजवादी पार्टी, नेपालका राजनीतिक समितिका सदस्य सुरेश मण्डलले सिरहाको भोक्राहामा रामजानकी मन्दिर तथा एक धर्मशालाको उद्घाटन गरेका छन् । सिरहाको कल्याणपुर नगरपालिका–६ भोक्राहास्थित एक समारोहबीच पूर्वराज्यमन्त्री मण्डलले नवनिर्मित मन्दिर तथा धर्मशला उद्घाटन गरेका हुन् ।
जसपा कल्याणपुर वडा नम्बर ६ कमिटीका अध्यक्ष कुशेश्वर पञ्जियारको अध्यक्षता तथा पूर्वगाविस अध्यक्ष सिताराम महासेठको विशेष अतिथि र पूर्वराज्यमन्त्री तथा जनता समाजवादी पार्टी, नेपालका राजनितीक समितिका सदस्य मण्डलको प्रमुख आतिथ्यमा दुई तले नव निर्मित धर्मशालामाथि मन्दिरको उद्घाटन गरिएको छ ।
पूर्वराज्यमन्त्री मण्डलको संसदीय कोषबाट करिब ५५ लाखको लागतमा तल धर्मशाला माथि मन्दिर भएको सुविधा सम्पन्न श्री रामजानकी मन्दिर तथा धर्मशाला निर्माण भएको छ । उद्घाटन समारोहलाई सम्बोधन गर्दै पूर्वराज्यमन्त्री मण्डलले आवश्यक सहयोगको प्रतिबद्धता जनाउँदै उद्घाटनको कार्यलाई सफल पार्न अहोरात्र खट्ने जसपा कल्याणपुर– ६ कमिटीका अध्यक्ष कुशेस्वर पञ्जियारलगायत सम्पूर्ण भोक्राहा समाजलाई हार्दिक धन्यवाद आभार व्यक्त गरे ।कार्यक्रममा कल्याणपुर नगरपालिका– ५ का वडाध्यक्ष कुल्दिप यादव, मिर्चैया नगरपालिकाका प्रतिनिधि रामदयाल यादव, जसपा मदेश प्रदेश सदस्य किशोरी यादव, मारुती पिरिकाष्ट उद्योग सञ्चालक कुशेस्वर महतोलगायत स्थानीय ५०० जनाको उपस्थिति रहेको थियो । उद्घाटन कार्यक्रममा करिब दुई हजारको संख्यामा महिलाहरूले कलश यात्रा गरेका थिए ।

# जातीय भेदभावविरुद्ध अन्तरक्रिया



**मधेशदृष्टि**
**लालबन्दी ।**
सर्लाहीको लालबन्दीमा स्थानीय तहमा जातीय भेदभाव विरुद्ध अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ । दलित स्टोरी युवा क्लव लालबन्दीको आयोजनामा लालबन्दी ६ स्थित नगरपालिकाको पुरानो सभाहलमा कार्यक्रम गरिएको हो ।
लालबन्दी नगर उपप्रमुख कल्पनामाया पाख्रिनको प्रमुख आतिथ्यतामा कार्यक्रम भएको हो । कार्यक्रममा लालबन्दी नगरपालिकाको १७ वटै वडाका दलित जनप्रतिनिधि, मेयर, प्रमुख प्रशासकीय अधिकृत, शिक्षा शाखा प्रमुख लगाएतलाई आमन्त्रण गरिएको भएपनि सहभागिता संख्या भने कम भएको कार्यक्रमको सहयोगी सामरी उत्थान सेवाका मनोज कुमार पासवानले जानकारी दिए । कार्यक्रममा सहभागीहरुलाई नेपाल राष्ट्रिय दलित समाज कल्याण संघका राजेश पासवानले दलित सशक्तिकरण ऐन २०७६ को बारेमा प्रशिक्षण दिएका थिए । उनले त्यसभित्र समावेश बुँदाहरु, त्यस अन्तर्गत गठन हुने समिति र त्यसको अध्यक्षसहितका अन्य पदाधिकारीहरुको को रहन्छन भन्ने सम्बन्धमा जानकारी गराए ।पासवानले मुख्यमन्त्रीको अध्यक्षतामा जातीय भेदभाव तथा छुवाछुत अनुगमन समिति, समाजिक विकास मन्त्रीको अध्यक्षतामा दलित विकास समिति, प्रत्येक पालिकामा स्थानीय र जातीयविभेद तथा छुवाछुत अनुगमन समिति र प्रत्येक प्रहरी कार्यालयमा केन्द्र हुने गरी जातीय भेदभाव तथा छुवाछुत अनुगमन समिति रहने व्यवस्था रहेको बताए ।
कार्यक्रमका सहभागीहरुले दलित समुदायमाथी अझै पनि सार्वजनिक स्थल, विद्यालय, मन्दिर लगाएतका स्थानमा विभेद हुने गरेको गुनासो सुनाएका थिए । उनीहरुले विद्यालयले समेत दलित विद्यार्थीहरुलाई राज्यले प्रदान गरेको सहुलियत र सुविधा प्रयोगबाट बञ्चित गर्ने गरेको बताए ।



कुस्तीमा कुस्ती खेल्नेको होइन,
खेलिएको कुस्तीको आकार हेरिन्छ ।
–मार्क ट्वेन

## सम्पादकीय

# फेरि भारतसँग विद्युत् खरिद ?

सरकारले फेरि भारतबाट बिजुली आयात थालेको छ । भारतलाई बिजुली बेच्न थालेको नेपालले ठूलो मात्रामा आयात थालेको हो । नेपाल विद्युत् प्राधिकरणले हिउँदयामका लागि यही सातादेखि भारतबाट बिजुली किन्न थालेको छ । बिजुली आयातको तुलनामा भारतलाई निर्यात चाहिँ 'नाम मात्रको' रहेको अवस्था लुकेको छैन । सुक्खायाममा नेपालले अपुग बिजुलीको ठूलो हिस्सा भारतबाट किन्नुपर्ने बाध्यता नहटेको पनि पुष्टि भएको छ । नेपालमा जलविद्युत्को जडित क्षमता झन्डै २ हजार ६ सय ६० मेगावाट रहे पनि वर्षायाममा मात्र पूर्ण क्षमतामा उत्पादन हुने भएकाले सुक्खायाममा उत्पादन घटेर आयात गर्नु पर्ने बाध्यता देखिएको हो । जेठदेखि मङ्सिर तेस्रो सातासम्म साढे १५ अर्ब रुपैयाँ बराबरको बिजुली भारतलाई बेचेको नेपालले औसतमा दैनिक करिब ३ हजार ५ सय मेगावाट आवर बिजुली भारतबाट आयात गरिरहेको छ । निर्यात चाहिँ ५० देखि २ सय मेगावाट आवर थियो । आर्थिक मन्दीमा नेपालका अधिकांश कलकारखाना पूर्ण क्षमतामा सञ्चालनमा छैनन् । त्यो भएर माग घट्न सक्छ । तर उद्योगहरू पूर्ण क्षमतामा सञ्चालनमा आएर माग गरेको खण्डमा पनि पूर्वाधारका कारण प्राधिकरणले चौबीसै घण्टा बिजुली दिन सक्ने अवस्था छैन । पिक आवरमा बिजुली कटौती गर्नुपर्ने बाध्यता रहेको बताइएको छ । ४ सय केभी र २ सय २० केभीका प्रसारणलाइन बनाउन नसक्दा यस्तो भएको हो ।

प्राधिकरणको प्रणालीमा करिब दुई हजार मेगावाटको पिक आएको छ । हाल भारतबाट सुरू भएको आयातको सिलसिला ६–७ महिनासम्म चल्न सक्ने प्राधिकरणको अनुमान छ । सुक्खायाममा नेपालका सबैजसो जलविद्युत् केन्द्रको उत्पादन क्षमता नदीको जलप्रवाह स्तरसँगै व्यापकरूपमा झर्ने गरेको छ । २ हजार ७ सय मेगावाट कुल क्षमता रहेकोमा चरम सुक्खायाममा ९ सय मेगावाटमा झर्न सक्ने विवशता नेपालको छ । कुलेखानी (१, २, ३) ले करिब १ सय ६ मेगावाट बिजुली उत्पादन गर्छ । जलाशययुक्त आयोजनामा बाँध बनाएर जल सञ्चिति गरिन्छ र आवश्यकताअनुसार ऊर्जा उत्पादन गरिन्छ । तर जलाशययुक्त आयोजना लागत एवम् प्रविधिको हिसाबबाट पनि महँगो र जटिल हुने गर्छ । हाल धेरै चर्चामा रहेको १ हजार २ सय मेगावाट क्षमताको बूढीगण्डकी आयोजना जलाशययुक्त आयोजना हो । निर्माण खर्च तीन खर्ब रुपैयाँ लाग्ने यसको निर्माणको चर्चा चलेको वर्षौं भए पनि शिलान्याससम्म भएको छैन । अन्य चर्चित जलाशययुक्त आयोजनामध्ये १ सय ४० मेगावाटको तनहुँ जलविद्युत् आयोजना अहिले निर्माणाधीन छ भने ७ सय ५६ मेगावाटको तमोर अनि पश्चिम सेती प्लस एसआरसिक्स भनिने कुल १ हजार २ सय मेगावाटका आयोजना प्रारम्भिक चरणमै छन् ।

यो वर्ष २ सय २० केभीको कुश्मा–न्यू बुटवल र ४ सय केभीको ढल्केवर–इनरुवा प्रसारणलाइन सञ्चालनमा आउन सक्ने देखिएको छ । त्यसैगरी अन्तरदेशीय विद्युत् व्यापारका लागि हाल ४ सय केभी क्षमताका ढल्केबर–मुजफ्फरपुर प्रसारणलाइन प्रयोगमा छ । सन् २०२९ भित्र थप चारवटा ४ सय केभीकै प्रसारणलाइन थप्ने दुई देशका योजना छन् । ढल्केवर–सीतामणि प्रसारणलाइनको निर्माण कार्य भइरहेको छ । त्यसबाहेक इनरुवा–पुर्णिया र लम्बी–दोधारा–बरेली अन्तर्देशीय प्रसारण लाइनको निर्माण क्रमशः सन् २०२७–२८ र २०२८–२९ सम्ममा सम्पन्न गर्ने योजना छ ।

## लेखक वर्गमा अनुरोध

मधेशदृष्टि दैनिक यहाँहरूबाट नवीन, सिर्जनात्मक, तार्किक, दार्शनिक, समयसापेक्ष आलेखको अपेक्षा गर्दछ । मधेश प्रदेशलाई केन्द्रित गरेर राजनीतिक, सामाजिक, आर्थिकसहित अन्य क्षेत्रका विषयमा यहाँहरूले कलम चलाउन सक्नुहुनेछ । पठाउनु भएका लेख कम्तीमा ७ दिन अन्य सञ्चारमाध्यममा नपठाउनु हुन पनि अनुरोध गर्दछौँ । लेख पठाउँदा लेखकको तस्बिर, परिचय, सम्पर्क नम्बर अवश्य उल्लेख गर्नुहोला । लेखरचना एक हजार दुई शब्दसीमामा पठाउनु हुन पनि अपिल गर्दछौँ । हाम्रो इमेल ठेगाना होः madheshdristi@gmail.com

## कार्यक्रम आयोजकमा अनुरोध

मधेश प्रदेशका ८ जिल्लामा हरेक दिन कुनै न कुनै औपचारिक कार्यक्रम भइरहेका हुन्छन् । यहाँको कार्यक्रमको समाचार प्रकाशन हेतु मधेशदृष्टि दैनिकको कार्यालय जनकपुर, भानुचोक (रेडियो जनकनन्दनीसँगै) र वीरगंज (रेडियो वीरगंजसँग)मा या हाम्रो इमेल र ह्वाट्स एपमा आधिकारिक पत्र पठाएर सहयोग गरिदिनु हुन अनुरोध गर्दछौँ ।

सम्पर्कः ९८५५०२१२८१ (ह्वाट्स एप पनि)

इमेलः madheshdristi@gmail.com

# न्यायाधीशसँग जनआस्था वृद्धि गर्ने कार्ययोजना के–के छन् ?



कालिका खड्का

'न्यायालयमा जनआस्था घट्दै गएको छ भन्ने आम चिन्ता छ,' सर्वोच्च अदालतका लागि प्रस्तावित न्यायाधीशहरू बालकृष्ण ढकाल र सुनिलकुमार पोखरेललाई संसदीय सुनुवाइका क्रममा सांसद पदम गिरीले प्रश्न गर्नुभयो, 'नेपालको न्यायालयमा जनआस्था वृद्धि गर्ने योजना के–के छन् ?'

सांसद गिरीको जस्तै सांसद देवेन्द्र दाहालको प्रश्न थियो, 'न्यायालयप्रति आमजनताको विश्वास गुम्दै गएको छ, जनआस्था वृद्धि गर्न न्याय प्रणालीलाई कसरी सुधार गर्न सकिन्छ ? जनआस्था वृद्धि गर्ने योजनाहरु के–के छन् ?' सांसद ईश्वरी न्यौपानेको प्रश्न उस्तै थियो, 'न्यायालयप्रति जनआस्था कसरी वृद्धि गर्न सकिन्छ ?' सांसद जीवन परियारको प्रश्न पनि 'आम जनताले गुनासो नगरीकन न्याय कहिले पाउँछन् ?' भन्ने नै थियो ।

प्रस्तावित दुई न्यायाधीशको आज भएको संसदीय सुनुवाइमा अधिकांश सांसदले सार्वसाधरणको आस्था न्यायालयमा घट्दै गएको र कसरी वृद्धि गर्न सकिन्छ ? जनताको पहुँचमा न्याय पुग्न नसकेको, मुद्दा फछ्र्यौटको समयावधि लामो हुने गरेको, न्याय प्राप्तिमा ढिलाइ हुँदा पीडित अझ धेरै पीडामा पर्ने गरेको र अदालतले मुलुकको विकास निर्माणमा रोक्दा मुलुकलाई ठूलो क्षति पुर्याउने गरेको विषयमा प्रश्न राख्नुभएको थियो ।

सर्वोच्च अदालतका लागि प्रस्तावित न्यायाधीश पोखरेलले आफूले न्यायालयको जनआस्था वृद्धि गर्ने तरिकाले काम गर्न प्रतिबद्ध रहेको र छिटो न्याय दिनका लागि निरन्तर काम गर्ने योजना सुनाउनुभयो । 'न्याय हुन्छ कि हुँदैन, चित्त बुझ्छ कि बुझ्दैन, त्यो पक्षको कुरा हो,' प्रस्तावित न्यायाधीश पोखरेलले भन्नुभयो, 'मेरो हातबाट अन्याय हुँदैन ।'

न्यायाधीश पोखरेलले कानुन महँगो भयो, छिटो भएन भन्ने प्रसङ्गमा उहाँले थप्नुभयो, 'कानुनी प्रक्रिया महँगो बनाउनुमा सांसदले कानुन बनाउँदा पनि ध्यान दिनुपर्ने देखियो, न्याय महँगो पैसाको कारणभन्दा पनि समयअवधि लामो भएको कारणले हुने गरेको छ ।' आफूले ३० वर्ष आम नागरिकसँगै रहेर वकालत गरेको अनुभवलाई लिएर आगामी दिनमा न्यायालयको जनआस्थावृद्धि गर्ने गरी काम गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

प्रस्तावित न्यायाधीश ढकालले आफूले कानुन व्यवसायीका रुपमा जनतासँग प्रत्यक्ष जोडिएर काम गरेको अनुभवलाई लिएर न्यायसम्पादन गर्ने बताउनुभयो । 'न्यायमा सबैको पहुँच हुनुपर्छ, गरिब, न्यायमा पहुँच नपुगेका लागि अदालतले वैतनिक वकिलको व्यवस्था गरेको छ,' उहाँले भन्नुभयो, 'स्थानीय तहको सिफारिसमा 'कोट–फी' निःशुल्क हुने कानुनी व्यवस्था पनि छ, न्यायमा पहुँच आयोगले पनि न्यायालयसम्म आउन नसक्नेकै लागि काम गर्ने गरेको छ ।' उहाँले कतिपय कानुनी व्यवस्था र न्यायमा पहुँच नभएका व्यक्तिलाई अदालतमा यस्ता खालका सेवासुविधा पाइन्छ भनेर जानकारी गराउन जरुरी छ ।

न्यायाधीश ढकालको कार्ययोजनामा भएको न्यायालयलाई थप बलियो र जनशक्तियुक्त बनाउन बजेट अभाव कम भएको भन्दै सांसद महेशकुमार बर्तौलाले प्रश्न गर्नुभएको थियो, 'न्यायालयलाई किन एक प्रतिशत बजेट ? किन दुई प्रतिशत चाहिँदैन, बजेट त आवश्यकताका आधारमा माग्ने होइन र ? त्यही प्रश्नमा सांसद रमेश लेखकले थप्नुभयो, 'न्यायालयले मागेको मात्रै लिन्छ, दुई प्रतिशत दियो भने एक प्रतिशत फिर्ता गर्छ ।' न्यायालयको बजेटको विषयलाई नै लिएर सांसद ज्ञानेन्द्रबहादुर कार्कीले जोड्नुभयो, 'अदालतले प्रतिशतका आधारमा होइन, आवश्यताका आधारमा बजेट माग्नुपर्छ ।'

उक्त सवालको जवाफमा प्रस्तावित न्यायाधीश ढकालले अदालतको कार्यसम्पादन, तालिम, जनशक्ति व्यवस्थापन आदिका लागि एक प्रतिशत बजेट भयो भने सहज हुने भएर एक प्रतिशत मागिएको स्पष्ट पार्नुभयो । न्यायालयले सहजरुपमा न्यायसम्पादन गर्न एक प्रतिशत बजेट चाहिने बताए पनि सरकारले शून्य दशमलव ४३ प्रतिशतमात्र बजेट छुट्याएको छ ।

सांसद जनार्दन शर्मा र महेशकुमार बर्तौलाले अदालतले आदेश दिएर विकास निर्माणको काम ठप्प हुने गरेको प्रश्नमा प्रस्तावित न्यायाधीश ढकालले भन्नुभयो, 'सामाजिक न्याय प्रमुख विषय हो, अदालत विकास निर्माणमा बाधक हुनु हुँदैन, आएका विषयलाई ध्यान दिएर प्राथमिकता साथ छुट्टै बेन्चको व्यवस्था गरेर हप्तादिनभित्रै वा छिट्टै सक्ने काम गर्नुपर्छ ।'

सांसदहरुले प्रस्तावित दुवै न्यायाधीशलाई कानुन व्यवसायीको हिसाबले बार र बेन्चबीचको सम्बन्ध बनाएर लैजाने र थप न्याय सम्पादनमा सहज गर्न सकिन्छ भन्ने प्रश्न गर्नुभएको थियो भने सबैको चाँडो, सरल, सहज र सुलभ न्याय हुनुपर्नेमा जोड दिनुभयो ।

अदालतहरुमा मुद्दाको चाप बढ्दै गएको र त्यसको किनारा लगाएर न्याय दिनुपर्नेमा सांसदहरुको जोड थियो । विसं २०८० कात्तिक मसान्तसम्मको तथ्याङ्कलाई हेर्दा सर्वोच्च अदालतमा २८ हजार एक सय ६४, उच्च अदालतमा २९ हजार एक सय ४५ र जिल्ला अदालतमा एक लाख २१ हजार नौ सय ५१ थान मुद्दा बाँकी रहेको छ ।

प्रस्तावित न्यायाधीशद्वयको कार्ययोजना

सर्वोच्च अदालतका लागि प्रस्तावित न्यायाधीश पोखरेलले नेपालको संविधान, कानुन, विधिशास्त्रीय मान्यता, सर्वोच्च अदालतबाट प्रतिपादत नजिर र असल अभ्यासको पालना गर्ने, नागरिकका आधारभूत र मौलिक हक प्रत्याभूत गर्ने सवालमा राज्यले अन्तरराष्ट्रिय मञ्चमा जनाएका प्रतिबद्धताको पालना गर्नेलगायत रहेका छन् ।

न्यायाधीश ढकालको कार्ययोजनामा पनि छिटोछरितो गुणस्तरीय न्याय सम्पादनका लागि मुद्दाको फछ्र्यौटमा शीघ्रता ल्याउने, मुद्दाको व्यवस्थापन पद्धतिमा सुधार ल्याउन फरक मुद्दा व्यवस्थापन पद्धति लागू गर्नेलगायत रहेका छन् ।

सर्वोच्च अदालतका लागि प्रस्तावित छ न्यायाधीशहरुको कार्ययोजनामा नै न्याय प्रणालीलाई सुधार गर्ने, छिटो न्यायका लागि पहल गर्ने रहेको छ । न्यायिक काम कारबाही तथा मुद्दाको फैसलामा गुणस्तरीयता अभिवृद्धि गर्ने, मुद्दामा रहेको विवाद समाधान गर्न वैकल्पिक उपायहरू (मेलमिलाप पद्धति) लाई प्रभावकारी बनाउने, फैसला कार्यान्वयनलाई प्रभावकारी बनाउने समेतको प्रयासहरू निरन्तर जारी राख्ने उल्लेख छ ।

न्यायमा पहुँच अभिवृद्धिका लागि अवरोधहरू पहिचान गरी सम्बोधनको प्रयास गर्ने, अदालतबाट प्रवाह हुने सेवालाई प्रभावकारी र गुणस्तरीय बनाउने विभिन्न प्रयासहरू भएका गर्ने रहेको छ । कानुनी सहायतालाई प्रभावकारी बनाउने, न्यायिक प्रक्रिया र प्रणालीका बारेमा सर्वसाधारणको जानकारीका लागि सूचना सम्प्रेषण गर्ने कार्य भइरहेको उल्लेख छ ।

न्यायिक सुशासनको प्रवद्र्धनका लागि न्यायिक स्वतन्त्रता र स्वायत्तता प्रवद्र्धन गर्ने, न्यायिक उत्तरदायित्व र जवाफदेहिता अभिवृद्धि गर्ने, न्यायिक जनशक्तिको कार्यशैलीमा सुधार गर्ने अदालतबाट सम्पादन हुने काम कारबाहीको अनुगमन निरीक्षणलाई प्रभावकारी बनाउने प्रयास भइरहेको उल्लेख छ ।

व्यवस्थापकीय सुधारका लागि मानव संसाधनको व्यवस्थापन, भौतिक र सेवा पूर्वाधारमा सुधार, वित्तीय व्यवस्थापन, सूचना प्रविधिको संस्थागत सुदृढीकरण, कर्मचारीको क्षमता अभिवृद्धि गर्ने, न्यायिक अध्ययन अनुसन्धान पद्धतिको विकास, योजना कार्यान्वयन प्रणालीको विकास गर्ने समेतका व्यवस्थापकीय सुधारका प्रयास गर्ने रहेको छ ।

न्यायपालिकाको जनआस्था र विश्वास अभिवृद्धिका लागि अदालतबाट प्रवाह हुने सेवाबाट सेवाग्राहीलाई सन्तुष्टि दिने प्रयास गरिएको कार्ययोजनमा छ । न्यायिक काम कारबाहीको सूचना सञ्चार सम्प्रेषण पद्धतिलाई सुधार गर्ने प्रयास भएको र सरोकारवालासँग सम्बन्ध र सहयोग सुदृढ गर्ने प्रयास भएका छन् भने योजनाको मूल्याङ्कन, अनुगमन र समीक्षा गर्ने गरिएको छ ।

सर्वोच्च अदालतको रिक्त न्यायाधीश पदका लागि न्याय परिषद्को गत मङ्सिर ५ गते बसेको बैठकले छ जना न्यायाधीश सिफारिस गरेको थियो । सिफारिस भएका न्यायाधीशहरूमा शारङ्गा सुवेदी, अब्दुल अजीज मुसलमान, महेश शर्मा, टेकप्रसाद ढुङ्गाना, सुनिलकुमार पोखरेल र बालकृष्ण ढकाल रहनुभएको थियो । उहाँहरुको संसदीय सुनुवाइ सकिएको छ । समितिको यही पुस ४ गते बैठक बसी उहाँहरुलाई अनुमोदन गर्ने वा नगर्ने विषयमा समितिले निर्णय गर्नेछ । समितिले अनुमोदन गरेपछि राष्ट्रपतिले नियुक्ति गर्ने संवैधानिक व्यवस्था गरेको छ ।

# एमालेको झुलाघाट चिवाभङ्ज्याङ यात्रा



अशोक दाहाल

कोशी प्रदेशको नामकरणपछि देखिएको विवादमाझ प्रदेशमा ठूला कार्यक्रम गर्न नसकेको नेकपा एमालेले लामो समयपछि हालै पूर्वी पहाडमा आफ्नो उपस्थिति देखायो । एमालेले सुदूरपश्चिमको झुलाघाटबाट मध्यपहाडी लोकमार्गकेन्द्रित ¥याली थालेको थियो । कोशी प्रदेशमा पहिचानपक्षधर केही समूहले एमालेको कार्यक्रममा अवरोध गर्ने चेतावनी दिएका थिए । तर प्रमुख प्रतिपक्षी दलले आफ्नो 'सङ्कल्प यात्रा' सुरु गरेको १७ दिनपछि पूर्वको चिवाभङ्ज्याङमा पुगेर समापन गर्दासम्म 'ठूलो अवरोध' खेप्नुपरेन ।

बिबिसीले तयार पारेको रिपोर्ट अनुसार, मध्यपहाडी राजमार्गका केही ठाउँमा रूख ढालेर एमालेको अभियानमा अवरोधको प्रयास भए पनि ती दुवै घटनाले एमालेको कार्यक्रम बिथोलिएन । नेकपा एमालेका सचिव योगेश भट्टराई पहिचानको आन्दोलनमा रहेको एक पक्षसँग आफूहरूले संवाद गरेर उनीहरूका मागबारे पनि सम्बोधन गरेका कारण अवरोध नभएको बताउँछन् । उनले पहिचानको पक्षमा आन्दोलन गरिरहेको पक्ष राष्ट्रिय एकताविरुद्ध रहेको आरोप लगाए ।

'केही ठाउँमा रूखहरू ढाले, केही ठाउँमा बाटोमा ढुङ्गाहरू राखेर अवरुद्ध गर्ने प्रयास गरे । त्यसलाई हामीले सामना ग¥यौं । अर्को पक्ष नेकपा एमालेजस्तो ठूलो पार्टीसँग सहकार्य गर्दै आफ्नो पहिचानलाई पनि स्थापित गर्नुपर्छ भन्ने मान्यता राख्थ्यो, त्यो पक्षसँग हामीले संवाद र कुराकानी ग¥यौं,' भट्टराईले भने, 'त्यसो हुँदा उहाँहरू आक्रोशित ढङ्गले सडकमा आउनुभएन र हाम्रो अध्यक्षले पनि उहाँहरूका कुरालाई सम्बोधन गर्नुभयो ।'

गत महिना पार्टीको कार्यक्रममा ताप्लेजुङ पुगेर फर्कने क्रममा भट्टराई चढेको गाडी तोडफोड भएको थियो । कोशी प्रदेश नामकरणपछि असन्तुष्ट रहेका पहिचान पक्षधर समूहले नामकरणपछि पहिलो पटक आफू जन्मिएको जिल्ला तेह्रथुम जाने क्रममा एमाले अध्यक्ष केपी ओलीलाई गत वैशाखमा विभिन्न ठाउँमा कालो झण्डा देखाउनुका साथै अवरोध गरेका थिए । पहिचानपक्षधर समूहको अवरोधको चेतावनीका कारण पूर्वी पहाडमा एमालेले पछिल्लो एक वर्षदेखि उल्लेख्य कार्यक्रम आयोजना गर्न सकिरहेको थिएन ।

पहिचानपक्षधर एमालेसँग असन्तुष्ट

गत वर्ष फागुनमा कोशी प्रदेशको नामकरण भएपछि ऐतिहासिक र जातीय पहिचानको पृष्ठभूमिका आधारमा यो प्रदेशको नाम राखिनुपर्ने आवाज उठाइरहेका आदिवासी नेताहरू नेकपा एमालेको नेतृत्वसँग रुष्ट देखिएका हुन् । त्यसमा दुई वटा प्रमुख कारण थिए । प्रदेश नामकरणका लागि तत्कालीन नेकपा एमालेको सरकारका मुख्यमन्त्री हिक्मतबहादुर कार्कीले सक्रियता देखाएका थिए । अनि प्रदेशको नाम पनि नेकपा एमालेले प्रस्ताव गरेको थियो ।

प्रदेशसभामा कोशी नामको पक्षमा नेपाली कांग्रेस, नेकपा माओवादी केन्द्र र राप्रपासहित प्रमुख दलहरू एक ठाउँमा देखिएका थिए । तर नामकरणपछि कांग्रेस र माओवादीका स्थानीय नेताहरूले आफ्नो असहमति व्यक्त गरेका थिए । कोशीको पक्षमा तत्कालीन मुख्यमन्त्री कार्की र एमाले नेतृत्वले लिएको अडान पनि पुनः नामकरणको पक्षमा आन्दोलनरत पक्षहरूलाई थप चिढ्याउने कारण बनेको थियो ।

कोशी नामकरणविरुद्ध आन्दोलन चलाइरहेको प्रदेश नं १ पुनः नामाङ्कन संयुक्त सङ्घर्ष समितिका संयोजक डेकेन्द्र सिंह थेगिम आफूहरू एमालेविरुद्ध मात्रै नलागेको बताउँछन् । 'हामीले कोशी नामकरणमा समर्थन जनाएका ८२ प्रदेश सांसदलाई अवरोध गरेका हौँ । त्यो कांग्रेस पनि एमाले पनि जो पनि हुनसक्छ । केपी ओली र योगेश भट्टराईले हामीलाई विभिन्न किसिमका गालीगलौज गर्ने गरेका कारण हामीले उहाँहरूको कार्यक्रममा अवरोध गरेका हौँ,' थेगिम भन्छन्, 'हामीले साझा पहिचानको आधारमा नाम हुनुपर्छ भन्ने कुरा न मागेका हौँ ।'

यो समूहले कोशी प्रदेशका मुख्यमन्त्री केदार कार्कीलाई पनि पछिल्लो समय अवरोध पु¥याउँदै आएको छ । कार्कीलाई यो समूहले मङ्सिरमा ओखलढुङ्गा र झापाको दमकमा अवरोध गरेको थियो । त्यस्तै नेकपा माओवादी केन्द्रका संसदीय दलका नेता इन्द्र आङ्बोलाई पनि गत वर्ष चैत्रमा पहिचान पक्षधरहरूले ताप्लेजुङमा आक्रमणको प्रयास गरेका थिए । एमाले सचिव भट्टराई नामकरणमा प्रमुख दल एक ठाउँमा भए पनि एमालेलाई मात्रै निसाना बनाएर विरोध गरिएको बताउँछन् । 'त्यो निर्णयको आधारमा एमालेमाथि मात्रै प्रहार गर्नु कहीँ न कहीँ नियोजित छ र पूर्वाग्रहपूर्ण छ भन्ने हाम्रो ठम्याइ छ,' उनले भने ।

एमालेको विश्लेषण

बैतडीबाट मध्यपहाडी यात्रा आरम्भ गरेर पाँचथरसम्म पुगेपछि एमालेले आफ्नो जनाधार कमजोर नभएको दाबी गरेको छ । 'यो अभियानको क्रममा हामीले के देख्यौँ भने, ओखलढुङ्गाको हर्कपुरदेखि पाँचथरको फिदिमसम्मको सभा हेर्दा एकपछि अर्को सभामा जनसमर्थन बढ्दै गएको देखियो र पाँचथरको फिदिममा ठूलो सहभागिता भएको सभा ग¥यौं,' उनले भने । भट्टराई यो सभाले आफ्नो कुरा राख्ने र नामकरणपछि एमालेबारे 'फैलाइएका भ्रमबारे' स्पष्ट गर्ने अवसर दिएको बताउँछन् ।

'यसले गर्दा आगामी दिन पूर्वी पहाडमा एमालेलाई थप सहज हुन्छ,' भट्टराई भन्छन् । पूर्वी पहाडमा नेकपा एमालेको पुरानो वर्चस्व भएको ठानिन्छ । कोशी प्रदेशको सबैभन्दा ठूलो दल एमालेको प्रदेशसभामा बहुमतका लागि आठ सांसद मात्रै अपुग छ । एमालेका नेताहरू मदन भण्डारीदेखि अहिलेका अध्यक्ष केपी ओलीसम्म पूर्वी पहाडमै जन्मिएका हुन् । तर प्रदेश नामकरणपछि पूर्वी पहाडमा यो दलले आलोचना र अवरोध खेपिरहेको छ ।

एमालेले यस्तै अवरोध विसं २०७२ सालमा नयाँ संविधान जारी भएपछि अहिलेको मधेश प्रदेशमा खेपेको थियो । संविधानमा आफ्नो माग समावेश नभएको भन्दै असन्तुष्ट रहेको शक्तिले मधेशमा एमालेका नेता र उनीहरूका घरमा समेत आक्रमण गरेको थियो । मधेशमा पार्टीविरुद्ध देखिएको परिस्थितिमा सुधार गर्न विसं २०७३ फागुनमा एमालेले मेची–महाकाली पूर्व–पश्चिम यात्रा गर्ने निर्णय ग¥यो । झापाबाट महेन्द्र राजमार्गका विभिन्न ठाउँमा कार्यक्रम गर्दै अघि बढेको एमालेको अभियान रोक्न अघि बढेका मधेशी मोर्चाका कार्यकर्ताहरू र प्रहरीबीच झडप हुँदा सप्तरीको मलेठमा पाँच जना मारिएका थिए ।

त्यसपछि अहिलेको मधेश प्रदेशका बाँकी जिल्लामा कार्यक्रम नगरी एमाले पश्चिमतर्फ लागेको थियो । त्यसपछिको निर्वाचनमा माओवादीसँग मिलेर प्रतिस्पर्धा गरे पनि एमालेले मधेशमा उत्साहजनक परिणाम ल्याउन सकेन । प्रदेशका ३२ निर्वाचन क्षेत्रमध्ये एमालेले दुई स्थानमा मात्रै जित हासिल गरेको थियो । अहिले पश्चिमबाट सुरु भएर पूर्वमा टुङ्गिएको एमालेको यात्रालाई पनि कतिपयले २०७३ सालको मधेश यात्रासँग तुलना गरेका छन् । पूर्वबाट सुरु गर्दा अवरोधको सन्देश जाने भएकै कारण यस पटकको यात्रा पश्चिमबाट सुरु गरिएको तर्क पनि कतिपयले गरेका छन् । तर एमाले सचिव भट्टराई पूर्वी पहाड र कोशी प्रदेशमा एमालेको पकड मधेशको भन्दा फरक रहेको बताउँछन् ।

'कोशीमा एमालेको जनाधार कायमै छ । नामकरणले एमाले यो प्रदेशमा अझै बलियो भयो भन्ने मलाई लागेको छ । तर मधेशको स्थिति फरक हो मधेशमा हामी अलिकति कमजोर नै थियौँ र हामीविरुद्ध लगातार प्रहार भइरहेको थियो,' उनले भने । विसं २०७४ सालको चुनावमा नराम्रो नतिजा बेहोरेको एमाले विसं २०७९ मा भएको पछिल्लो निर्वाचनमा भने प्रदेशको पहिलो दल बन्न सफल भयो । कांग्रेस र माओवादीको गठबन्धनका बावजुद एमालेले यो प्रदेशका ३२ मध्ये नौ क्षेत्रमा चुनाव जितेको छ ।

'मधेशमा जुन अभियान चलायौँ र हामीले एमालेविरुद्धका भ्रम चिर्दै जनतासँग एकाकार हुँदै मधेशमा पहिलो पार्टी भएका छौँ । कोशी प्रदेशमा पनि यो अवधिमा बाँकी रहेका भ्रमहरू चिर्छौँ र सकारात्मक शक्तिहरूसँग सहकार्य पनि गर्छौं,' भट्टराईले भने ।

# सांसदले आफ्नो दायित्व बोध गर्न सकेका छैनन्ः दाहाल

**काठमाडौँ ।**
'सरकारका तर्फबाट पर्याप्त बिजनेस प्राप्त हुँदाहुँदै पनि सोचेजस्तो सदन सञ्चालन हुन सकेन । सभामुखको भूमिका सक्रिय र प्रभावकारी देखिएन' नेकपा (माओवादी केन्द्र)का युवा सांसद लेखनाथ दाहाल (राजन)ले भने, 'यसकारण गएको एक वर्षमा सापेक्षिक भूमिका त निर्वाह गरियो, तर जनताको अपेक्षाअनुसार भएनन् ।' यद्यपि, पछिल्लो एक वर्षमा मिटरब्याजी पीडितलाई न्याय दिने विधेयक, नागरिकता विधेयक, आर्थिक विधेयकलगायत नागरिकसँग प्रत्यक्ष जोडिएका केही महत्वपूर्ण विधेयक कार्यान्वयनमा गएका उनको भनाइ छ । संसद्को एकवर्षे अवधिमा अपेक्षित भूमिका पूरा गर्न नसकेको उनको अनुभूति छ । 'विगतमा प्रतिनिधिसभाले विधायकी जिम्मेवारी पूरा गर्न सक्नुपथ्र्यो, त्यो गरेको देखिएन । विसं २०७२ मा संविधानसभाबाट नयाँ संविधान जारी भयो । त्यसदेखि अहिलेसम्म संविधानको जगमा उभिएर जसरी ऐन कानुन निर्माण गर्नुपर्ने थियो, ती ऐन कानुन निर्माण भएनन्' उनले भने । गएको एक वर्षमा सरकारका तर्फबाट प्रतिनिधिसभामा 'बिजनेस' प्राप्त भए पनि संसद्लाई बहसको थलोका रुपमा विकास गर्ने काम हुन नसकेको उनले बताए । संसद्भित्र विधेयक टेबल भएका महत्वपूर्ण विधेयक छलफलमा आउन नसकेको उल्लेख गर्दै उनले सदन प्रभावकारी ढङ्गले सदन चल्न नसक्दा सो अवस्था देखिएको बताए ।
'मुख्यतः प्रमुख प्रतिपक्षी दलको गत्यावरोधका कारणले पनि सदनको कामकारबाही प्रभावकारी हुन सकेन', सांसद दाहालले भने । ऐन कानुनमा देखिएका समस्या हल गर्न नसक्दा प्रदेश र स्थानीय सरकारका हातखुट्टा बाँधिएकातर्फ सबैको ध्यान जानुपर्नेमा जोड दिँदै उनले प्रदेशको अप्ठ्यारा सल्टयाउन सामूहिक पहल गर्नुपर्ने बताए । पछिल्लो समय प्रमुख प्रतिपक्षी नेकपा (एमाले)का अध्यक्ष केपी शर्मा ओलीलाई सत्ताबाट बाहिरिनुपरेको पीडाको प्रभाव संसद्मा देखिएको सांसद दाहालको ठम्याइ छ ।
'प्रतिपक्षी दलबाट ससाना विषयमा संसद् निरन्तर अवरोध गर्ने काम भयो । संस्थागत भ्रष्टाचारको विषय उठाउँदा एमालेबाट लगातार संसद अवरोध भयो' उनले भने । संसद्मा विषय उठान गर्दा प्रतिपक्षी उत्तेजित हुने र संसद्नै अवरुद्ध गर्ने अवस्था देखिनु गैरराजनीतिक चरित्र भएको उनको ठम्याई छ । कमजोरी रहे सच्याउने, बहस र छलफल गरेर जाने सम्बन्धमा प्रतिपक्षीबाट परिपक्वपन नदेखिएको उल्लेख गर्दै उनले सहकार्य र प्रतिस्पर्धाको संस्कृतिलाई स्वीकार नगरिएको बताए । 'सहकार्य नगरी अवरोध गर्ने प्रवृत्ति हाबी भयो' उनले भने ।
सदनमा आफ्नो पार्टीको धारणा स्पष्ट ढङ्गले राख्ने र खरो रुपमा पार्टीको प्रतिरक्षा गर्ने दह्रिलो भूमिका निर्वाह गर्दै आएका सांसद दाहालले आलोचना र आरोपको जगमा मात्र राजनीति गर्ने संस्कृतिलाई सबै राजनीतिक दलले बदल्नुपर्ने बताए । सङ्घीय लोकतान्त्रिक गणतन्त्रका पक्षधर एक ठाउँमा उभिनुपर्नेमा जोड दिँदै माओवादी केन्द्रका युवा नेता दाहालले कमजोरी सच्याउँदै नीतिगत र संरचनागत समस्या तथा कानुनी उल्झनका सम्बन्धमा गहिराइमा अध्ययन गरेर सामूहिक ढङ्गले छलफल र बहस गर्नुपर्ने बताए । 'सामूहिक ढङ्गले समस्याको समाधान गर्न प्रयत्न गर्नुपर्छ । यति गर्न सकिएन भने प्राप्त उपलब्धिको रक्षा गर्न सक्दैनौँ' सांसद दाहालले भने, 'संविधानको रक्षा र सफल कार्यान्वयन गर्न पनि सकिँदैन । संविधान निर्माणमा एकताबद्ध भएका परिवर्तनका पक्षधरहरु एक ठाउँमा नउभिइकन मुलुकको समृद्धि हासिल गर्न सकिँदैन ।' विकास, आर्थिक समृद्धि र सामाजिक न्यायको नेतृत्व गर्न माओवादी पार्टी गम्भीर भएर लागेको जनाउँदै उनले निश्चित विधि र प्रक्रिया पूरा गरेर बहस र छलफलमा भाग लिने, कमजोरी पत्ता लगाउने र सच्याउने सामूहिक सङ्कल्प र प्रतिबद्धताबिना मुलुकलाई अगाडि बढाउन नसकिने बताए । विसं २०३३ असार १० गते सिन्धुलीमा जन्मिएका लेखनाथ दाहाल २०४६ सालदेखि वामपन्थी आन्दोलनमा संलग्न भएका थिए । विसं २०४६ मा मोटो मसालको विद्यार्थी सङ्गठनको अध्यक्ष, २०४८ मा संयुक्त जनमोर्चाको इलाका सचिव रहेका उनी तत्कालीन नेकपा (माओवादी केन्द्र)ले थालेको जनयुद्धमा सहभागी भए । जनताको अपेक्षा विकास निर्माणसँग सम्बन्धित रहेको उल्लेख गर्दै सांसद दाहालले जनप्रतिनिधिलाई जनताले राजनीतिकभन्दा पनि सामाजिक भूमिकामा संलग्नता भएको हेर्न चाहेको अनुभव सुनाए ।
'मर्दापर्दा, मुद्दा मामिला, अड्डा अदालत, नागरिकता, राहदानी, विकास निर्माणलगायत काममा जो जोडिएको जनताले उसैलाई विश्वास गर्छन् । जनताको बुझाइमा पनि फरक छ' उनले भने । राजनीतिक नेतृत्व भनेको नीति निर्माण गर्ने हो, नीति निर्माण तहमा देखिएका समस्या पहिचान र समाधान गर्ने हो भने बुझाइ कम रहेको उनको भनाइ छ । निर्वाचन जितेर गइसकेपछि नियमित आफूहरुको नियमित सम्पर्कमा हुनुपर्छ भन्ने जनताको बुझाइ रहेको उल्लेख गर्दै सांसद दाहालले जनताले परिणाम होइन, उपस्थिति खोजेका बताए । 'यसबाट पनि समस्या पैदा भएको छ' उनले भने । प्रत्येक सांसदले आफू संसदीय भूमिका रहेका, नीति निर्माणको तहमा सक्रियता देखाउनुपर्छ भनेर जिम्मेवारी बोध गर्नुपर्नेमा जोड दिँदै उनी सांसदले आफ्नो भूमिका बोध नगर्ने र नीति निर्माणभन्दा पनि सामाजिक भूमिकामा जनताले दैनिक खोज्ने अवस्था नै बाधक हुन भन्ने ठान्छन् ।

> “
> 'तलब, सेवासुविधामा मात्र सन्तुष्ट हुने पात्र असाध्यै कम छ । अतिरिक्त लाभ नभई कुनै पनि काम नगर्ने पात्र सार्वजनिक संरचनामा छन् । भ्रष्टाचार आदतका रुपमा विकास भएको छ ।'
> *लेखनाथ दाहाल, प्रतिनिधिसभा सदस्य*



- *जनताको तहबाट भ्रष्टलाई बहिस्कार गर्नुपर्छ*
- *संसदले अपेक्षित भूमिका पूरा गर्न सकेन*
- *नीतिगत भ्रष्टाचारको अन्त्य अझै हुन सकेन*
- *अवसरको खोजीमा विदेश जाने अवस्था बढ्यो*

उनले पाँच वर्ष जेल जीवनसमेत बिताए । सिं २०५७ देखि पार्टी क्षेत्रीय ब्यूरो सदस्य हुँदै उनी हाल माओवादी केन्द्रको पोलिटब्यूरो सदस्य हुन् । विसं २०५७ मा माओवादीको युवा सङ्गठन वाइसिएलको महासचिव भए । विसं २०७४ को निर्वाचनमा उनी बागमती प्रदेशसभा सदस्यमा निर्वाचित भएका थिए । सिन्धुली क्षेत्र नं २ बाट निर्वाचित सांसद दाहाल जिल्लामा उत्पादन वृद्धि, रोजगारी सिर्जना र आर्थिक समृद्धि लाई ध्यान दिँदै रणनीतिक महत्वका आयोजना अघि बढाएका बताए ।
'जलविद्युत् उत्पादन, सिँचाइ परियोजना, बृहत्तर खानेपानी आयोजना, सुरुङमार्गको विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) तयार गरिएको छ । राष्ट्रिय अर्थतन्त्रमा टेवा दिने योजना हामीले शुभारम्भ गरेका छौँ' उनले भने, 'यससँगै जनताले दैनिक भोग्दै आएका समस्या बाटो, बिजुली, खानेपानी, स्वास्थ्य, शिक्षा, रोजगारलाई पनि समाधान गर्न प्रयास गर्दै आएका छौँ ।' सरकारले उत्पादन वृद्धि गर्ने र रोजगारी सिर्जना गर्ने उद्देश्यले महत्वपूर्ण कार्यक्रम अघि सारेको उल्लेख गर्दै उनले कृषिलाई व्यवसायिकीकरण, यान्त्रीकरण गर्ने अभियान सुरु भएको बताए । कृषि, वन र ऊर्जामा नेपाललाई आत्मनिर्भर बनाउने उद्देश्यका साथ महत्वपूर्ण कामको थालनी भएको जानकारी दिँदै सांसद दाहालले यही उत्पादन सम्भव भएका कृषिजन्य वस्तुको उत्पादन वृद्धि गर्ने र आयात प्रतिस्थापन गर्दै जाने योजना रहेको सुनाए । 'किसानले उत्पादन गर्ने, बजारको जिम्मा सरकारले लिने गरी काम भइरहेको छ । जनताको अपेक्षाअनुसार नै मैले भूमिका खेलिरहेको छु । पाँच वर्षपछि पुनः जनतामा जाँदा गुनासो हुने छैन । मेरा विरोधी पार्टीले पनि आलोचना गर्ने छैनन्' सांसद् दाहालले भने । अहिलेको संसद्को बनोट बहुरङ्गी प्रकारको रहेको उनको भनाइ छ । सङ्घर्षबाट खारिएर आएकादेखि सामाजिक सञ्जालबाट उदाएका सांसदको सदनमा उपस्थिति रहेको तथा संसदीय मर्यादा, मूल्य र मान्यतालाई ख्याल नगरी प्रस्तुत हुने अवस्था पनि देखिएको सांसद दाहालको मत छ । आफूले कहिल्यै पनि संसद्मा उत्तेजित भएर कुनै विषयवस्तु नउठाएको जिकिर गर्दै उनले भ्रष्टाचारका विषयमा आफूले आवाज उठाउँदै आएको बताए । 'ठूल्ठूला भ्रष्टाचारका फाइल खोल्नुपर्छ भनेर मैले लगातार सदनमा आवाज उठाउँदै आएको छु' उनले भने, 'पशुपतिको जलहरीमा सुन भनेर पित्तलको रिङ लगाइएको विषयमा छानबिन गरौँ भनेर जिम्मेवारपूर्वक सदनमा प्रस्तुत भएको हुँ ।' संसदीय मूल्यमान्यता भित्र रहेर, प्रतिनिधिसभा नियमावलीको मातहतमा रहेर मनमा लागेको कुरा आफूले राख्दै आएको उनको भनाइ छ । जनताको समस्या र अपेक्षा सदनमा नै राख्ने उनले बताए । उनले संसद्मा विभिन्न पात्र, प्रवृत्ति, सोच र चिन्तनको उपस्थिति रहेको उल्लेख गर्दै कतिपय सांसदमा जसरी पनि भाइरल हुने रहर जाग्ने गरेको र त्यसबाट कहिलेकाही संसद्मा अराजक स्थिति पनि देखिएको बताए ।
'अराजकताको उत्कष भनेको अवसान हो । यो धेरै दिन टिक्दैन । अराजकता अन्त्य हुन्छ, त्यसो नभए अनुशासनको दायरामा आउँछ' उनले भने । वर्तमान सरकारले विद्यमान समस्याको समाधानका लागि प्रभावकारी पहल अघि बढाएको उनको जिकिर छ । नीतिगत भ्रष्टाचारका दुला अझै बन्द गर्न नसकिएको उल्लेख गर्दै उनले नियम, कानुन तथा संरचनात्मक समस्या बाधक बनेका बताए । संरचनात्मक हिसाबले भ्रष्ट मानसिकता देखिएको, भ्रष्टाचार नगरी कुनै पनि पात्रले आफ्नो कर्तव्य पूरा भएको नठान्ने प्रवृत्ति देखिएको उनको भनाइ छ ।
'तलब, सेवासुविधामा मात्र सन्तुष्ट हुने पात्र असाध्यै कम छ । अतिरिक्त लाभ नभई कुनै पनि काम नगर्ने पात्र सार्वजनिक संरचनामा छन् । भ्रष्टाचार आदतका रुपमा विकास भएको छ' सांसद् दाहालले भने । राजनीतिक नेतृत्व र उच्च पदस्थ अधिकारीको तहबाटै भ्रष्टाचार विरोधी अभियान चलाउन सकियो भने मात्र अन्त्य गर्न सकिने उनको भनाइ छ । मुहान सफा गरेपछि तल्लो भागमा आफैँ सफा हुने भन्दै उनले अहिले प्रचण्ड नेतृत्व सरकारले भ्रष्टाचार विरोधी अभियानलाई जनस्तरसम्म पु¥याएको दाबी गरे । इतिहासमै पहिलोपटक यति ठूलो भ्रष्टाचार विरोधी अभियान सञ्चालन भएको जनाउँदै उनले एकै पटक ठूलो संख्यामा राजनीतिक र प्रशासनिक नेतृत्व जेल नपरेका दृष्टान्त दिए । 'सरकारले भ्रष्टाचारविरुद्धको अभियान सुरु गरेको छ । जनताको साथ र सहयोगबिना भ्रष्टाचार नियन्त्रण गर्न सकिँदैन । जनताले भ्रष्टाचारीलाई घृणा र बहिस्कार गर्नुपर्छ । घुस माग्नेलाई कारबाही गर्ने तागत राख्नुपर्छ', नेता दाहालले भने, 'जनताको तहबाट पनि भ्रष्टलाई बहिस्कार गर्नुपर्छ । सरकारको तहबाट भ्रष्टाचारीलाई कारबाही गर्ने हिम्मत गर्नुपर्छ ।' भ्रष्टलाई सम्मान होइन, अपमान गर्न थालियो भने मात्रै भ्रष्टाचार नियन्त्रणको प्रक्रिया सुरु हुने दाबी गर्दै उनले विगतमा ठूलालाई चैन, सानालाई ऐन हुन्थ्यो भने अहिले ठूलासाना भन्ने नै नरहेको बताए । जनताको नियन्त्रण र निगरानीमा मात्रै भ्रष्टाचार निणन्त्रण गर्न सकिने उल्लेख गर्दै उनले नेपाल सरकारबाट जुन पहलको सुरु भएको छ, त्यो ऐतिहासिक रहेको बताए । अवसर केन्द्रित भएको ठाउँमा युवा जनशक्ति केन्द्रित हुने विश्वव्यापी लहर देखिएको उल्लेख गर्दै उनले अन्तर्राष्ट्रियस्तरमा नै अवसरको खोजीमा देश बाहिर जाने अवस्था देखिएको बताए । अवसरको केन्द्रीकरण नुहन्जेल चाहेर पनि युवा शक्ति पलायन रोक्न नसकिने जनाउँदै उहाँले आद्योगिकीकरणको विकास गर्ने, आयात प्रतिस्थापन गर्ने, रोजगारी सिर्जना गर्ने, उत्पादन र रोजगार केन्द्रित योजना नल्याइ पलायन रोक्न नसकिने बताए । 'ठूला विद्युत् परियोजना अघि बढ्दै छन् ।
सरकारले सम्भावना भएको क्षेत्रमा लगानी केन्द्रित गर्न खोजेको छ । यस वर्ष निर्यात बढेको छ । गएको चार महिनामा रु १४ अर्बको विद्युत् निर्यात भएको छ । दुई अर्बको सिमेन्ट तथा रड भारतमा बिक्री भएको छ' उनले भने, 'उत्पादन वृद्धिसँगै निर्यात नियमित हुन थालेपछि आधारभूत समस्या समाधान गर्न सकिन्छ, मुलुक सकारात्मक दिशातर्फ अघि बढिरहेको छ ।'

# संघीय संसद्का १७ सांसदको टोली चीनमा



**मधेशदृष्टि**
**काठमाडौँ ।**
संघीय संसद्का १७ सांसदसहित २० सदस्यीय टोली दश दिने चीन भ्रमणका लागि बेइजिङ प्रस्थान गरेको छ । नेकपा (माओवादी केन्द्र) का मुख्य सचेतक हितराज पाण्डेको नेतृत्वमा सांसद र तीन जना कर्मचारीसहित २० सदस्यीय टोली सोमबार छेन्दु हुँदै बेइजिङ प्रस्थान गरेको हो । टोलीमा नेपाली कांग्रेस र नेकपा (एमाले) का पाँच÷पाँच, नेकपा (माओवादी केन्द्र) का तीन, राष्ट्रिय स्वतन्त्र पार्टी, राष्ट्रिय प्रजातन्त्र पार्टी, जनता समाजवादी पार्टी र नेकपा (एकीकृत समाजवादी)का एक÷एक सांसद सहभागी छन् । टोलीमा नेपाली कांग्रेसबाट युवराज शर्मा, रामनाथ अधिकारी, ऐनबहादुर शाही, सरस्वती बजिमय र कुसुमदेवी थापा, नेकपा (एमाले)बाट दामोदर वैरागी, मानवीर राई, निर्मला कोइराला, रुक्मिणी राना बराइली र भगवती न्यौपाने, नेकपा (माओवादी केन्द्र) बाट मुख्य सचेतक पाण्डेसहित जगप्रसाद शर्मा र नारायणी शर्मा सहभागी छन् ।
यस्तै राष्ट्रिय स्वतन्त्र पार्टीबाट प्रमुख सचेतक सन्तोष परियार, राष्ट्रिय प्रजातन्त्र पार्टीबाट अनिशा नेपाली, जनता समाजवादी पार्टीबाट प्रकाश अधिकारी र नेकपा (एकीकृत समाजवादी) पार्टीका प्रमुख सचेतक मेटमणि चौधरी तथा संघीय संसद् सचिवालयका सचिव सुदर्शन खड्कालगायत रहेका छन् । चीनको वाणिज्य मन्त्रालयअन्तर्गतको अन्तर्राष्ट्रिय व्यापार एकेडेमीको कार्यक्रममा सहभागी हुन सांसदहरुको टोली चीन गएको हो । चीनमा रहँदा भ्रमण टोलीले बेइजिङ, नानजिङ र गियाङ सहरसमेत भ्रमण गर्ने कार्यतालिका रहेको संसद् सचिवालयले जनाएको छ । एकै पटक १७ सांसद चीन भ्रमणमा गएपछि संसदीय समितिको काम कारवाही समेत प्रभावित बनेको छ ।

# 'विप्लव'विरुद्धको पक्राउ पूर्जी
## समाजवादी मोर्चाको आपत्ति

**मधेशदृष्टि**
**काठमाडौँ ।**
समाजवादी मोर्चा नेपालले नेपाल सरकार र नेत्रविक्रम चन्द 'विप्लव' नेतृत्वको नेपाल कम्युनिष्ट पार्टीबीच भएको तीनबुँदे सम्झौता पूर्णरुपमा कार्यान्वयन गर्न सरकार र सम्बद्ध पक्षलाई आग्रह गरेको छ । मोर्चाका संयोजक माधवकुमार नेपालले सोमबार वक्तव्य जारी गर्दै मुलुकको वर्तमान राजनीतिक परिस्थितिमा कुनै पनि द्वन्द्व पैदा हुने स्थिति आउन नदिन सबैमा आह्वान गरेका हुन् । मोर्चाले जिल्ला अदालत काठमाडौँबाट मंसिर १० गते नेकपाका महासचिव नेत्रबिक्रम चन्द र प्रवक्ता खड्कबहादुर विश्वकर्मालगायत नेताविरुद्ध भएको पक्राउ पूर्जीका सम्बन्धमा पनि गम्भीर ध्यानाकर्षण भएको जनाएको छ ।
अदालतबाट जारी भएको पक्राउ पुर्जीको विरोध गर्दै समाजवादी मोर्चाले नेकपासँग भएको तीन बुँदै सम्झौता कार्यान्वय गर्न आग्रह गरेको हो । विज्ञप्तिमा उल्लेख छ, 'मुलुकको वर्तमान राजनीतिक परिस्थितिमा यस प्रकारको कुनै पनि द्वन्द्व पैदा हुने स्थिति आउन नदिनका लागि नेपाल सरकार र नेपाल कम्युनिस्ट पार्टीबिच भएको तीन बुँदे सम्झौतालाई पूर्ण रूपमा कार्यान्वयन गर्न हामी नेपाल सरकार र सम्बद्ध पक्षलाई आह्वान गर्दछौं ।'
समाजवादी मोर्चामा नेकपा (माओवादी केन्द्र), जनता समाजवादी पार्टी नेपाल, नेकपा (एकीकृत समाजवादी) र चन्द नेतृत्वको नेकपा आबद्ध छन् ।



# गौतमबुद्ध विमानस्थल पूर्ण क्षमतामा सञ्चालन गर्ने



**रासस**
**काठमाडौँ ।**
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले भैरहवास्थित गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थललाई पूर्ण क्षमतामा सञ्चालनका लागि आवश्यक नीतिगत काम तत्काल अघि बढाउन मातहतका सम्बन्धित निकायलाई निर्देशन दिएको छ । सिंहदरबारस्थित मन्त्रालयमा सोमबार सरोकारवालासँगको छलफलका क्रममा पर्यटनमन्त्री सुदन किरातीले गौतमबुद्ध विमानस्थलमा केही आधारभूत सुधारसहित विमानस्थल पूर्ण क्षमतामा सञ्चालनका लागि मातहत निकायलाई निर्देशन दिएका छन् । उनले विमानस्थललाई पूर्ण क्षमतामा सञ्चालन गर्न आवश्यक समन्वय र सहजीकरणका लागि पनि सम्बन्धित निकायलाई निर्देशन दिएका हुन् । लुम्बिनी प्रदेशका मुख्यमन्त्री डिल्लीबहादुर चौधरीले सङ्घीयताको मर्म र भावनाअनुरुप विमानस्थल पूर्णरुपमा सञ्चालन गरिनुपर्नेमा जोड दिए ।
मुख्यसचिव डा. वैकुण्ठ अर्यालले विमानस्थलको प्रभावकारी सञ्चालनका लागि सरकारले आवश्यक सहयोग र सहजीकरण गर्ने विश्वास व्यक्त गरे । गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलका महाप्रबन्धक हंशराज पाण्डेले विमानस्थलको विद्यमान अवस्थाबारे जानकारी गराएका थिए ।
सहभागी वायुसेवा सञ्चालक तथा पर्यटन व्यवसायीले विमानस्थलमा जहाजको उडान संख्या बढाउन र पर्यटकलाई राहत प्याकेजको व्यवस्था गर्न आग्रह गरेका थिए । विमानस्थलको प्रभावकारी सञ्चालनका लागि सङ्घ र प्रदेश सरकारबीच समन्वय तथा सहजीकरण गर्ने विषयमा मन्त्रालयले प्रतिबद्धता जनाएको मन्त्रालयका सहसचिव बुद्धिसागर लामिछानेले जानकारी दिए । छलफलमा पर्यटनमन्त्री किराती, पर्यटन राज्यमन्त्री सुशीला सिर्पाली ठकुरी, मुख्यसचिव डा अर्याल, नेपाल नागरिक उड्डयन प्राधिकरणका पदाधिकारी, साथै नेपाल वायुसेवा निगम, निजी वायुसेवा सञ्चालक कम्पनी, लुम्बिनी प्रदेशका होटल व्यवसायी, सिद्धार्थ उद्योग वाणिज्य सङ्घका प्रतिनिधिको उपस्थिति थियो ।

# 'एक्सन रुम'बाट दुई सडक खण्डको अनुगमन



**मधेशदृष्टि**
**काठमाडौँ ।**
प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबारमा रहेको 'एक्सन रूम'बाट निर्माणाधीन नारायणगढ–बुटवल सडकखण्ड र मुग्लिन–पोखरा सडकखण्डको 'भर्चुअल' निरीक्षण गरेका छन् । सोमबार दिउँसो सिंहदरबारबाट प्रधानमन्त्रीले निर्माणाधीन दुई सडकखण्डका बारेमा जानकारी लिएका हुन् ।
निरीक्षणपछि प्रधानमन्त्रीले भने, 'हाम्रा परियोजना भनेजस्तो जस्तो गरी अगाडि बढेनन् र जनताले महसुस गर्नेगरी कामको प्रगति भएन । यसबाट सन्तुष्ट हुनसक्ने अवस्था देखिँदैन । यसतर्फ हाम्रो भूमिका गुणात्मकरूपले बढाउनुपर्छ ।'
गिटी, बालुवा ढुङ्गा, विद्युत्का सानातिना समस्या सरकारले शीघ्र समाधान गर्ने प्रतिबद्धता व्यक्त गर्दै प्रधानमन्त्रीले भने, 'फिल्डका कार्यालयले समयमै सम्बन्धित ठाउँमा नियमित प्रतिवेदन गर्नुप¥यो । समयमै कुरा आए समाधान गर्न सजिलो हुन्छ । दिनहुँ जनताले समस्या भोग्नुपर्ने समस्या अन्त्य हुनपर्छ ।' परियोजनाहरू निर्धारित लक्ष्यअनुसार नै अघि बढ्नुपर्नेमा जोड दिँदै उनले तोकिएको समयमा नै आयोजना सम्पन्न गर्न निर्देशन दिए ।
विविध कारण देखाएर निर्माणमा विलम्ब भयो भन्न नपाइने उनको भनाइ छ ।
प्रधानमन्त्रीले भने, 'यी दुई परियोजना अत्यन्तै महत्त्वपूर्ण छन् । समयमै सकिनुपर्छ, म पनि परियोजना निरीक्षणका लागि फिल्डमै आउँछु, अब धेरै समय विकासका कामलाई दिन्छु ।' अब पनि सुधार भएन र प्रगति भएन भन्ने छुट कसैलाई नभएको उल्लेख गर्दै प्रधानमन्त्री दाहालले भने, 'राष्ट्रिय गौरवका योजनामा काम दुई सिफ्टमा गराउनुपर्छ । यसका लागि गम्भीर गृहकार्य गरौँ । यो काम गर्ने अन्तिम अवसर हो । सबैले एकपटक सदुपयोग गरौँ ।'

# नेप्से परिसूचकमा उच्च अङ्कको वृद्धि

**मधेशदृष्टि**
**काठमाडौँ ।**
धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक उच्च अङ्कले वृद्धि भएको छ । नेपाल स्टक एक्सचेञ्जका अनुसार नेप्से परिसूचक ३८ दशमलव १४ अङ्कले उकालो लागेर दुई हजार ६० दशमलव ४९ मा पुगेको छ । ठूला कम्पनीको कारोबार मापक सेन्सेटिभ परिसूचक नौ दशमलव ५६ अङ्कले उकालो लागेर तीन सय ९० दशमलव ६३ मा पुगेको छ । कारोबार भएका १३ उपसमूहमध्ये एक उपसमूहको शेयर मूल्यमा गिरावट भएको छ भने १२ उपसमूहको शेयर मूल्यमा वृद्धि भएको छ । कूल दुई करोड १४ लाख ९७ हजार छ सय १९ कित्ता शेयर छ अर्ब ८६ करोड ८१ लाख ७७ हजार पाँच सय ५६ रुपैयाँ मूल्यमा कारोबार भएको छ ।
नेप्सेका अनुसार, कारोबार भएकामध्ये हिमाल दोलखा हाइड्रोपावर शीर्ष स्थानमा छ । कम्पनीको २६ करोड २६ लाख ७४ हजार चार सय ७२ रुपैयाँ बराबरको कारोबार भएको छ । सोनापुर मिनरल्स २० करोड २८ लाख ४६ हजार दुई सय १४ रुपैयाँ, सोल्टी होटल १८ करोड ४३ हजार ४७ हजार रुपैयाँ, शिवम् सिमेन्ट १६ करोड ८३ लाख ९६ हजार पाँच सय ९७ रुपैयाँ र घोराही सिमेन्ट १४ करोड ३३ लाख २० हजार छ सय ६२ रुपैयाँ बराबरको कारोबार भई शीर्ष पाँच भित्र पर्न सफल भएका छन् ।
नेप्सेका अनुसार बोटलर्स नेपाल, सूर्यज्योति लाइफ इन्स्योरेन्स, स्वरोजगार लघुवित्त विकास बैंक, जीवन विकास लघुवित्त, बीपीडब्ल्यू लघुवित्त वित्तीय संस्था, हाथवे इन्भेस्टमेन्ट, मुक्तिनाथ कृषि कम्पनी, नेरुडे लघुवित्त वित्तीय संस्थाको शेयर मूल्यमा १० प्रतिशतले वृद्धि भई सकारात्मक सर्किट लागेको छ । त्यस्तै, हिमालयन पावर पाटनर्स सात दशमलव ८६, डोल्टी पावर कम्पनी छ दशमलव ५७, अप्पर स्याङ्गे हाइड्रोपावर पाँच दशमलव ३९, मोदी इनर्जी चार दशमलव ६२ र माई खोला हाइड्रोपावरका लगानीकर्ताले चार दशमलव ३३ प्रतिशतले गुमाएका छन् ।

# ऊर्जा सङ्कट समाधानका लागि तनहुँ जलविद्युत् आयोजना महत्वपूर्ण'


**रासस**
**तनहुँ ।**
राष्ट्रिय स्वतन्त्र पार्टीका उपसभापति एवं तनहुँ–१ का प्रतिनिधिसभा सदस्य डा. स्वर्णिम वाग्लेले ऊर्जा सङ्कट समाधानका लागि तनहुँ जलविद्युत् आयोजना महत्त्वपूर्ण रहेको बताएका छन् । ऋषिङ गाउँपालिका–१ मा निर्माणाधीन उक्त आयोजनाको आइतबार निरीक्षणपश्चात् उनले तनहुँ जलविद्युत् आयोजना कुलेखानीपछि बनेको पहिलो जलाशययुक्त आयोजना भएकाले यसको निर्माण पश्चात विद्यमान ऊर्जा सङ्कट केही हदसम्म समाधान हुने बताए । कुलेखानी जलविद्युत् आयोजना बनेको ४० वर्षपछि मात्र पहिलो जलाशययुक्त जलविद्युत् आयोजना बनेको भन्दै वाग्लेले यस आयोजना ऊर्जा सुरक्षाको दृष्टिकोणबाट पनि महत्वपूर्ण हुने उल्लेख गरे । आयोजना निर्माणका क्रममा स्थानीय जनसरोकारवाललाई विश्वासमा लिएर काम गर्नुपर्ने उनको भनाइ थियो । वाग्लेले भने, 'वर्षामा धेरै पानी पर्ने हुँदा त्यसबेला धेरै विद्युत् उत्पादन हुने तर हिउँदमा पानी सुक्दै जाने र विद्युत् उत्पादन पनि घट्दे जाने हुँदा सरकारले धेरै भन्दा धेरै जलाशययुक्त आयोजना बनाउनुपर्छ ।'
बूढीगण्डकी र नलसिंङगाड विद्युत् आयोजना जलाशययुक्त भएकाले त्यसको पनि चाँडै निर्माण गर्नुपर्नेमा उनले जोड दिए । विद्युत् आयोजना निर्माणका लागि वन क्षेत्र, मुआब्जा र विस्फोटक पदार्थको आयातमा मुख्य समस्या हुने हुँदा यी तीनवटै समस्या समाधानका लागि नीतिगत रुपमा नै सम्बोधन हुनुपर्ने वाग्लेको भनाइ थियो । तीन प्याकेजमा निर्माण भइरहेको तनहुँ जलविद्युत् आयोजनाको प्याकेज–१ अन्तर्गत एक सय ४० मिटर अग्लो बाँध निर्माणका लागि विसं २०७८ भदौ १४ मा ठेक्का सम्झौता भएर कार्यान्वयनमा आएको थियो । उक्त आयोजनाको बाँध निर्माणका लागि नदी डाईभर्सन कार्य सम्पन्न भई बाँध निर्माण शुरु भइसकेको आयोजना कार्यालयले जनाएको छ । आयोजनाको सुरुङ, विद्युत्गृह निर्माण र हाइड्रोमेकालिन तथा इलेक्ट्रोमेकानिकल उपकरण आपूर्ति, जडान तथा सञ्चालनलगायत काम प्याकेज–२ मा परेका छन् । यसका लागि विसं २०७५ असोज १५ गते खरिद सम्झौता भएको थियो । निर्माण सुपरिवेक्षण परामर्शदाताले खरिद सम्झौता बमोजिम निर्माण शुरु गर्न कार्यादेश जारी गरेपश्चात् निर्माण कम्पनीले विसं २०७५ माघ ६ गतेदेखि आयोजना स्थलमा परिचालित भई निर्माण जारी राखेको जनाएको छ । भूमिगत विद्युत्गृह खन्ने कार्य सम्पन्न गरी कङ्क्रिटिङ तथा टर्वाइन लगायतका उपकरण जडान भइरहेका छन् । टेलरेस सुरुङ निर्माण सम्पन्न भएको छ भने मुख्य सुरुङ खनिरहेको छ । यस प्याकेजको सिभिलतर्फको निर्माण प्रगति ७० प्रतिशत भन्दा बढी छ भने समग्र प्रगति करिब ४७ प्रतिशत छ । प्याकेज–३ अन्तर्गत दमौलीबाट चितवनको भरतपुरसम्म २२० केभीको डबल सर्किटप्रसारण लाइन निर्माणका लागि विसं २०७५ पुस १० गते खरिद सम्झौता भई सोही वर्षको फागुन १० गतेदेखि कार्यान्वयनमा आएको थियो । ३४.७ किमि प्रसारण लाइनमा पर्ने ९४ टावरमध्ये ६९को जग हालिएको छ भने ३३ टावर खडा गरिएको छ । यस प्याकेजको समग्र निर्माण प्रगति ६९ प्रतिशत रहेको आयोजना कार्यालयले जनाएको छ ।
आयोजनाको सामाजिक विकास कार्यक्रमअन्तर्गत तनहुँमा विद्युतीकरण गर्नका लागि नेपाल विद्युत प्राधिकरणको आयोजना व्यवस्थापन निर्देशनालयमार्फत तनहुँ ग्रामीण विद्युतीकरण तथा वितरण प्रणाली सुदृढीकरण परियोजना सम्पन्न भएको छ । यसअन्तर्गत स्थानीय रुपमा विद्युत् आपूर्तिका लागि घिरिङ गाउँपालिका ४ र बन्दीपुर गाउँपालिका–६ मा ३३÷११ केभीका दुईवटा सबस्टेसन निर्माण गरी सञ्चालनमा ल्याइएको छ । उक्त सबस्टेसनसम्म विद्युत् पुर्‍याउनका लागि ३३ केभी लाइन निर्माण गरिएको छ । जिल्लाको विद्युत् आपूर्तिलाई पर्याप्त, भरपर्दो र गुणस्तरीय बनाउन विभिन्न ठाउँमा विभिन्न क्षमताका वितरण ट्रान्सफर्मर जडान र ११ केभी लाइन निर्माण गरिएका छन् ।

# भारतको लोकसभाबाट ३३ सांसद निलम्बित



**एजेन्सी ।**
भारतमा कांग्रेस आईका नेता अधीर रञ्जन चौधरीसहित ३३ जना सांसद निलम्बनमा परेका छन् ।
हिउँदे अधिवेशनका बाँकी बैठकमा उपस्थित हुन नपाउने गरी उनीहरू निलम्बनमा परेका हुन् । निलम्बनमा पर्ने सांसदहरुमा अधीर रञ्जन चौधरीसहित, अपूर्व पोद्दार, प्रसुन बनर्जी, मोहम्मद वासिर, जी सेल्वम, सीएन अन्नादुराई, डा.टी. सुमाथी, के नवस्कानी, के वीरस्वामी, एनके प्रेमचन्द्रन, सौगता रोय, शताब्दी रोय, असित कुमार मल, कौशलेन्द्र कुमार, एन्टोनी एनी, प्रतिमा मण्डल, काकोली घोष, के मुरलीधरन, सुनील कुमार मण्डल, एस रामा लिंगम, के सुरेश, अमर सिंह, राजमोहन उन्निथन, गौरव गोगोई लगायतका छन् ।
विपक्षी दलका १३ सांसद यसअघि नै अधिवेशनबाट निलम्बित भइसकेका छन् । सांसद निलम्बनको घटनालाई लिएर भारतीय कांग्रेसले भाजपा सरकारमाथि संसद र लोकतन्त्रमाथि आक्रमण गरेको आरोप लगाएको छ । तानशाही मोदी सरकारले सांसदहरुलाई निलम्बन गरेर लोकतान्त्रिक मूल्य मान्यतालाई डस्टबिनमा फ्याँकिदिएको कांग्रेसको आरोप छ ।
डिसेम्बर १३ तारिखका दिन लोकसभामा भएको सुरक्षा चुकको मामिला उठाउँदै सोमबार विपक्षीहरुले लोकसभामा विरोध जनाएका थिए । लोकसभा र राज्यसभामा चर्को विरोध गर्दै सांसदहरुले गृहमन्त्री अमित शाहसँग जवाफ माग गर्दै आएका थिए । दर्शकका रुपमा संसदमा प्रवेश गरेका व्यक्तिले बैठकस्थलमा कुदेर पहेँलो रंगको धुँवा फैलाएर प्रदर्शन गरेका थिए । यस घटनामा संलग्न ६ जनालाई दिल्ली प्रहरीले पक्राउ गरेर अनुसन्धान थालेको जनाएको छ ।

# बङगलादेशको वैदेशिक मुद्रा सञ्चिति २० अर्ब अमेरिकी डलर पुग्यो





**सिन्ह्वा**
**ढाका ।**
दुई वैश्विक ऋणदाताको ऋण केन्द्रीय बैंकको खातामा जम्मा भएपछि बङ्गलादेशको विदेशी मुद्रा भण्डार २० अर्ब अमेरिकी डलरभन्दा बढी पुगेको छ । यसबाट लामो समयदेखि विदेशी मुद्राको सञ्चितिमा भएको गिरावट रोकिएको छ । बङ्गलादेश बैंकका कार्यकारी अधिकृत तथा प्रवक्ता मोहम्मद मेजबुल हकले ६८ करोड ९० लाख डलर अन्तर्राष्ट्रिय मुद्राकोष (आइएमएफ) र ४० करोड डलर एसियाली विकास बैंक (एडिबी) बाट आएको जानकारी दिए । उनका अनुसार वैश्विक ऋणदाताबाट केन्द्रीय बैंकको खातामा एक अर्ब नौ करोड डलर ऋण प्राप्त हुनुअघि बिहीबार मुलुकको वैदेशिक मुद्रा सञ्चिति १९ अर्ब १७ करोड डलर थियो । विश्वव्यापीरूपमा आयात लागतमा उल्लेख्य वृद्धि हुनुका साथै विप्रेषण र निर्यातबाट हुने आम्दानी अपेक्षाकृत कम हुँदा विदेशी मुद्रा सञ्चिति घट्ने क्रम जारी छ ।
बङ्गलादेशको सबैभन्दा उच्च वैदेशिक मुद्रा सञ्चिति सन् २०२१ मा ४८ अर्ब डलर थियो । यद्यपि अन्तर्राष्ट्रिय उथलपुथलका कारण २०२२ को सुरुआतदेखि नै सञ्चितिको दर घट्दै गएको देखिन्छ । खुम्चिँदै गएको वैदेशिक मुद्रा सञ्चिति बढाउनका लागि केन्द्रीय बैंकले गत वर्ष धेरै उपाय अवलम्बन गरेको थियो । बैंक अन्तर्राष्ट्रिय कारोबारमा चिनियाँ युआनको प्रयोगसहित वैकल्पिक मुद्रा व्यवस्थामनमा लागेको छ । यद्यपि केन्द्रीय बैंकका अधिकारीहरूले वर्तमान सञ्चितिसँगै बङ्गलादेश करिब चार महिनाको आयातको भुक्तानी गर्ने स्थितिमा रहेको बताएका छन् । बङ्गलादेशजस्तो बढ्दो अर्थतन्त्रका लागि छ महिनाको आयात भुक्तानी बराबर वैदेशिक मुद्रा सञ्चिति पर्याप्त मानिन्छ ।

# च्याम्पियन्स लिगको प्रिक्वार्टरफाइनल खेल तालिका सार्वजनिक

**एजेन्सी ।**
युरोपेली क्लब फुटबलको सबैभन्दा ठूलो प्रतियोगिता युरोपियन च्याम्पियन्स लिगको प्रिक्वार्टरफाइनलको खेल तालिका सार्वजनिक भएको छ । च्याम्पियन्स लिगको प्रिक्वार्टरफाइनल चरणमा म्यानचेस्टर सिटीले डेनिस क्लब एफसी कोपनहेगनलाई प्रतिद्वन्द्वीको रुपमा पाएको छ । यसैगरी स्पेनिस 'पावर हाउस' रियल म्याड्रिडले च्याम्पियन्स लिगको नकआउट चरणमा प्रतिद्वन्द्वीका रुपमा जर्मन क्लब आरबी लिपजिगलाई पाएको छ । अर्को स्पेनिस 'पावर हाउस' बार्सिलोनाले भने नकआउट चरणको पहिलो खेल इटालियन क्लब नापोलीसँग खेल्नेछ । यसैगरी इङ्लिस क्लब आर्सनलले पोर्चुगिज क्लब एफसी पोर्टो र फ्रान्सेली क्लब पेरिस सेन्ट जर्मन (पीएसजी) ले स्पेनिस क्लब रियल सोसिडाडको सामना गर्नेछन् ।

# एन्फाको सीईओमा तुलाधर नियुक्त

**मधेशदृष्टि**
**काठमाडौँ ।**
अखिल नेपाल फुटबल संघ (एन्फा) को प्रमुख कार्यकारी अधिकृत (सिइओ)मा इन्द्रमान तुलाधार नियुक्त भएका छन् ।
सोमबार बसेको एन्फाको कार्यसमिति बैठकले तुलाधरलाई सिइओ नियुक्त गरेको हो । एन्फाको कार्यसमिति बैठकमा केही सदस्यहरुले खुल्ला प्रतिस्पर्धाबाट सीईओ नियुक्त गर्नुपर्ने भन्दै विरोध जनाएको भए पनि बैठकले विरोधका बीच तुलाधरलाई सिइओ नियुक्त गरेको हो ।
तुलाधर अघिल्लो कार्यकालमा एन्फाको महासचिव थिए । संकटा क्लबको अध्यक्ष समेत रहेका तुलाधर डेढ वर्षअघि भएको एन्फा निर्वाचनमा अध्यक्ष नेम्बाङविरुद्धको कर्माछिरिङ शेर्पाको प्यानलमा थिए ।
गत महिना हेडौटौंमा भएको विशेषसाधारणभामा नेम्बाङविरूद्धको अविश्वास प्रस्तावलाई विफल बनाउन तुलाधरणले भूमिका खेलेका थिए । यद्यपी उनै तुलाधरले अविश्वासको प्रस्ताव गर्नेका लागि शेर्पा समूहलाई साथ दिएका थिए ।

# विवाहपञ्चमीका यात्रुलाई सुविधा प्रदान




**मधेशदृष्टि**
**जनकपुरधाम ।**
साताव्यापी सीताराम विवाह पञ्चमी महोत्सव सोमबार राम कलेवापछि समापन भएको छ । विवाह पञ्चमी महोत्सव हेर्न नेपाल र भारतबाट १० लाखभन्दा बढी श्रद्धालु जनकपुरधाम पुगेका थिए । यात्रुको सुविधाका लागि विभिन्न जातजातिका संघसंस्था र प्रतिष्ठानले निःशुल्क खाना, बास र उपचारको व्यवस्था गरेका थिए । तेली कल्याण समाज नेपालले बाह्रबिघा (रङ्गभूमि) मैदानमा दश हजार तीर्थयात्रीलाई निःशुल्क खाना, बास र उपचारको व्यवस्था गरेको थियो । त्यसैगरी सुरी, कलवार गोविन्द सेवा समिति भेला, राजपूत क्षेत्रीय समाज, गोपाल सेवा समितिलगायतका विभिन्न जातीय संघसंस्थाले पनि निःशुल्क खाना, उपचार र बासको व्यवस्था गरेका थिए ।
त्यस्तै जनकपुरधाम नगरपालिका, रेडक्रस सोसाइटी, प्रदेश सरकारले पनि आवासको व्यवस्था गरेको थियो । निजी विद्यालयले पनि यात्रुलाई विद्यालयमै बस्ने व्यवस्था गरेका थिए । त्यसैगरी, यात्रु सबै गुम्बा र मन्दिरहरूमा बसेका थिए ।

# मलेसियामा साथीको हत्या गर्ने पक्राउ

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मलेसियामा साथीको हत्या गरेर फरार महोत्तरीका युवा पक्राउ परेका छन् । गौशालाका अनिलकुमार साह पक्राउ परेको केन्द्रीय प्रहरी प्रवक्ता तथा प्रहरी नायब महानिरीक्षक कुवेर कडायतले जानकारी दिए । उनले भने, 'साहले मङ्सिर २५ गते झापाका धनबहादुर प्रधानको हत्या गरेका र हत्यापछि भागेर नेपाल आएका थिए, प्रधानको शव नेपाल ल्याइएपछि हत्या गरेको उजुरी परेपछि उनलाई पक्राउ गरिएको हो ।'
मुलुकी अपराध संहितामा रहेको बहुक्षेत्रीय अधिकारसम्बन्धी प्रावधानअनुसार पक्राउ परेका साहविरुद्ध नेपालमै कर्तव्य ज्यान मुद्दामा अनुसन्धान र अभियोजन हुने प्रवक्ता तथा प्रहरी नायब महानिरीक्षक कडायतले जानकारी दिए ।

# जगद्गुरुद्वारा रुद्राक्षको विरुवा रोपण



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
भारतको गोवर्धन पुरी पीठाधीश्वर जगद्गुरु शंकराचार्य स्वामी अधोक्षजानन्द देवतीर्थ महाराजले सोमबार धनुषाको मिथिलाबिहारी नगरपालिका–२ पुरनदहा स्थित 'कल्चरल भिलेज'मा रुद्राक्षको विरुवा रोपेका छन् ।

# २१ जोडीको विवाह गराइयो

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
विश्व हिन्दू परिषद्ले सोमबार जनकपुरधाममा २१ जोडी वरवधुको विवाह गराएको छ । परिषद् अध्यक्ष सन्तोष साहको सक्रियतामा जनकपुरधामको कलवार धर्मशालामा शुभविवाहको कार्यक्रम भएको हो ।
भगवान् श्रीराम तथा माता सीताको शुभ विवाह भएको अवसर पारेर जनकपुरधाममा सामूहिक निःशुल्क विवाह आयोजना गरिएको परिषद्ले जनाएको छ । सामूहिक शुभ विवाहका लागि लगन आवश्यक नभएकाले शुभविवाहको आयोजना गरिएको परिषद्ले जनाएको छ । विवाहमा बेहुला तथा बेहुलीका लागि आवश्यक गर्ने कपडा, एक थान पोतेसहितका आवश्यक सबै सामग्री परिषद्ले निःशुल्क उपलब्ध गराएको थियो । विवाह कम खर्चिलो तथा ऐतिहासिक बनाउन निःशुल्क विवाहका लागि गरिब तथा विपन्न वर्गका बेहुलाबेहुली छनौट गर्ने काम भएको थियो । विवाहमा आउने जन्ती तथा परिवारलाई भोजन तथा आवासको व्यवस्थापन परिषद्ले नै गरेको थियो । विगत केही वर्षदेखि विश्व हिन्दू परिषद्ले सामूहिक विवाहको आयोजना गर्दै आएको छ । यसले विवाहमा हुने भड्किलो खर्चमा कमी आउनुका साथै अर्थका कारणले विवाह हुन नसकेकालाई राहत मिल्ने गरेको विवाहमा आएका बेहुली पक्षका आफन्तले बताए ।
शुभविवाह कार्यक्रम कलवार सेवा आश्रममा भएको परिषद्का सहयोगी अमर श्रीवास्तवले जानकारी दिए । विवाह गर्न चाहने बेहुला बेहुलीको उमेर पुगेको हुनु पर्ने भएकाले उमेर खुलेको नागरिकतासहितको आवश्यक कागजपत्र पहिला नै संस्थाले माग गर्ने गरेको छ ।

# जनता सहयोगीको १३ औँ वार्षिकोत्सव





**मधेशदृष्टि**
**जनकपुरधाम ।**
जनकपुरधामस्थित सहयोगी तथा बचत ऋण सहकारी संस्था लिमिटेडको १३ औँ वार्षिक साधारण सभा भएको छ । अध्यक्ष रामचन्द्र पञ्जियारको अध्यक्षतामा सम्पन्न वार्षिक सभाका प्रमुख अतिथि पूर्व नगरप्रमुख लाल किशोर साहले सहकारी संस्थासँग सहकार्य गरेर अगाड़ि बढ्न सबैमा आग्रह गरे ।
उनले सहकारीबाट काम गरे सामाजिक, आर्थिक विकासमा टेवा पुग्ने र प्रदेश तथा स्थानीय तहको विकासमा पनि सहकारीको महत्वपूर्ण भूमिका रहने बताए ।
कार्यक्रममा राष्ट्रिय सहकारी महासंघका सञ्चालक रामबाबु यादव, जनता समाजवादी पार्टीका नगर अध्यक्ष दिगम्वर साह, नेपाली कांग्रेस धनुषा–३ का क्षेत्रीय सचिव हरि राउत, प्रा.चन्देश्वर मण्डल, डा.निशा महासेठ, अनिता महरा, मधु पञ्जियार, राम नरेश साह, बिमला साहसहितका व्यक्तित्वले सहकारीबारे धारणा राखेका थिए । कार्यक्रममा संस्थाका कोषाध्यक्ष विशाल कुमार साहले आर्थिक प्रतिवेदन प्रस्तुत गरेका थिए भने सचिव सतीशचन्द्र मिश्रले संस्थाबारे प्रगति प्रतिवेदन प्रस्तुत गरेका थिए ।

## *जानकी मन्दिरमा रामकलेवाः*

*सप्ताहव्यापी कार्यक्रम अन्तर्गत विवाहपञ्चमी महोत्सवको सातै दिन सोमबार जानकी मन्दिरमा रामकलेवा विधि । रामकलेवा विधिसँगै यस वर्ष विवाहपञ्चमी महोत्सव सम्पन्न भएको छ ।*
*तस्बिरहरुः वीरेन्द्र रमण, मिश्रीलाल मधुकर*










# विद्यालय व्यवस्थापन समिति चयन

**छठु साह**
**जनकपुरधाम ।**
सुकई साह माध्यमिक विद्यालय भेडिहारी पर्साको विद्यालय व्यवस्थापन समिति सर्वसम्मत रुपमा चयन भएको छ । कालिकामाई गाउँपालिकाको वडानम्बर २ भेडिहारीमा केही दिन अगाडी अभिभावक भेलाले ४ जनालाई सर्वसम्मत सदस्य बनाएको थियो । २ जना मनोनित गरी ६ जना रहेको सदस्यहरुबीच भएको छलफलमा विद्यालय व्यवस्थापन समितिका अध्यक्षमा पानालाल साह तेलीलाई सर्वसम्मत रुपमा चयन गरेको हो । सदस्यहरुमा शिवपुजन प्रसाद तेली, लक्ष्मण ठाकुर लोहार, दुर्गावती देवी कनुईन, सुर्जा देवी राम र रम्भा देवी कनुईन चयन भएको र समितीको सदस्य सचिवमा प्रध्यानाध्यापक सुबोद चौरसिया चयन भएका छन् ।


# बीरगंज महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
बीरगंज, पर्सा, मधेश प्रदेश

**विषयः- बोलपत्र स्वीकृत सम्बन्धी आशयको सूचना ।**

प्रथम पटक प्रकाशन मिति : (२०८०/०९/०३ गते)

श्रीमान्
यस बी.म.न.पा. अन्तर्गत आ. व. २०८०/०८१ मा यस कार्यालयको मिति २०८०/०७/२१ गते राष्ट्रिय सौर्य दैनिक नयाँ पत्रिकामा प्रकाशित सूचना अनुसार ठेक्का न. **BMC/NCB/GOODS/2080/081/04 (Supply and Delivery of Medicinal and Surgical Items)** कार्यको लागि बोलपत्र आवहान गरिएको र मिति २०८०/०८/२७ गते खोलि मुल्यांकन गर्दा न्युनतम अंक कबोल गरेको देहाय बमोजिमको बोलपत्रदाता सफल हुन आएकोले सार्बजनिक खरिद ऐन,२०६३ को दफा २५,२७ र बीरगंज महानगरपालिकाको सार्बजनिक खरिद नियमावली २०७७ को दफा ६९,७० अनुसार सारभूत रुपमा प्रभावग्राही भएकोले बोलपत्र स्वीकृत गरि ७ (सात) दिने आशयको सूचना प्रकाशित गरिएको छ ।

| क्र.स | ठेक्का न. | सफल भएको बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक (भ्याट समेत) रु. | %घटी |
|---|---|---|---|---|
| १ | BMC/NCB/GOODS/2080/081/04 (Supply and Delivery of Medicinal and Surgical Items) | Chirag Pharmacy Pvt. Ltd, Ranipauwa, Pokhara | ४१४३३४०.४९ | -६६.१२% |

# हरिखेतानलाई निजीकरण गर्न खोजियोः यादव

**मधेशदृष्टि**
**वीरगंज ।**
हरिखेतान बहुमुखी क्याम्पसका प्रमुख डा.भगवान यादवले क्याम्पसलाई निजीकरण गर्न खोजिएको आरोप लगाएका छन् । हरिखेतान बहुमुखी क्याम्पसमा सोमबार अपरान्ह आयोजित पत्रकार सम्मेलनमा डा. यादवले किर्ते छाप, लेटर प्याड प्रयोग गरी आफूलाई अवकाश दिएर निमित्त क्याम्पस प्रमुखमा किशोरी रायलाई नियुक्त गरिएको आरोप लगाएका छन् । क्याम्पसलाई निजी सम्पति बनाउने षडयन्त्र विरुद्ध वीरगंजवासीलाई जुटन आह्वान गर्दै आफ्नो साँस रहेसम्म क्याम्पसलाई समुदायकै सम्पतिको रुपमा राख्ने बताए । उनले ४२ वर्षदेखि अनवरत रुपमा हरिखेतान बहुमुखी क्याम्पस समाज र आफ्नो बलबुतामा संचालन गर्दै आएको अवस्थामा क्याम्पसको २०७९ को विधानलाई लत्याएर कीर्ते विधान समेत बनाएर आफूलाई उमेर हदको कारण देखाएर अवकाश दिने अधिकार कसैलाई नभएको दाबी गरे । उनले भने, 'वीरगंजका आम नागरिक समाज र समुदायले अहिले नै क्याम्पस छोड भन्छ भने आफू छोडन तयार रहेको तर चन्दादाताको धम्कीको भरमा आफूले दुःख गरी यहाँसम्म ल्याएको क्याम्पसलाई चटक्कै छोडन सक्दिन् ।' उनले जग्गा गुठी संस्थानको हो, गुठी संस्थानसँग समन्वय गरेर ४० वर्ष अघि क्याम्पसको नाममा ल्याईएको बताउँदै तत्कालिन चन्दादाता स्वर्गीय हरि खेतानको नाममा क्याम्पसको नाम रहँदैमा चन्दादाताले क्याम्पस हडम्पन नमिल्ने चेतावनी दिए । पत्रकार सम्मेलनमा हाल क्याम्पसमा विद्यार्थी दोब्बर बढेको र क्याम्पसको आय समेत बढ्न थालेपछि चन्दादाताहरुलाई लोभ लागेको बताउँदै कहिले खाता रोक्का गर्ने, कहिले विभिन्न बहानामा क्याम्पसको पैसा खेतान समूहको लगानी रहेको लक्ष्मी बैंकमा लैजान खोज्ने जस्ता गतिविधिबाट आफू आजित भईरहेको यादवले खुलासा गरे । क्याम्पस प्रमुख डा.यादवले समुदायको सम्पतिमा व्यक्तिको आँखा लागेको हुँदा अब हरि खेतान व्यक्तिको हुने कि समुदायको भन्दै प्रतिप्रश्न समेत गरे । आफूले साँस रहेसम्म क्याम्पस प्रमुख तत्कालका लागि नछाडने चेतावनी दिदै क्याम्पस प्रमुख बन्नलाई त्रिभुवन विश्वविद्यालयको कानुनमा कुनै किसिमको हदबन्दी नरहेको र उमेर सकिएपनि निश्चित अवधिका लागि विज्ञ व्यक्तिलाई नियुक्त गर्न सकिने व्यवस्था रहेको तर्क गरे ।

यता हरि खेतान बहुमुखी क्याम्पसका निमित्त क्याम्पस प्रमुख किशोरी रायले सोमबार साँझ प्रेस विज्ञप्ती जारी गर्दै २०३८ सालदेखि हालसम्म क्याम्पस प्रमुख रहेका डा. भगवान यादवलाई उमेर हदका कारण क्याम्पस संचालक समितिले गत पुस १ गते अनिवार्य अवकाश दिएको बताए । विज्ञप्तीमा डा. यादवले विधानतः गठित सञ्चालक समितिको निर्णयलाई वेवास्ता गरी अवकाश भएता पनि क्याम्पस आउने, क्याम्पसको वातावरणलाई प्रतिकूल असर पर्ने गरी मीटिङ बोलाउने, क्याम्पसमा छुट्टी गर्न आफ्नो मानिस लगाई घण्टी बजाउन लगाउने जस्ता कार्य गरी विधिको शासन स्थापित मूल्य र मान्यताका विपरीत कार्य गरिरहेको उल्लेख गरेको छ ।डा.यादवले सामुदायिक क्याम्पसमा आफू खुसी गर्दै आएका कुरामा संचालक समितिले रोक लगाएपछि खप्न न सकी नाना थरीका काम गर्दै हिडेको, क्याम्पस प्रशासन र व्यवस्थापनलाई अप्ठयारोमा पारेको प्रति नागरिक समाजको ध्यान केन्द्रित हुनु पर्नेविज्ञप्तीमा जोड दिईएको छ ।क्याम्पस प्रमुखको अवकाश र निमित्त क्याम्पस प्रमुख नियुक्तको विषयलाई लिएर क्याम्पसको पठन पाठन प्रभावित भएपछि विद्यार्थी तथा अभिभावक आक्रोशित भएका छन् ।क्याम्पसमा उत्पन्न विवाद कानुन सम्वत रुपमा टुङ्ग्याएर ४ हजार ५ सय भन्दाबढी विद्यार्थीहरुको भविष्यसँग जोडिएको पठन पाठनमा कुनै अवरोध नगर्न अभिभावकहरुले आग्रह गरेका छन् ।

# महानगरमा कोठाको विवाद मिल्यो सम्पूर्ण शाखालाई व्यवस्थित बनाइने




**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज महानगरपालिकाको बोर्ड बैठकले अहिले खाली भएको प्रमुख प्रशासकीय अधिकृतको कार्यकक्षलाई उपप्रमुखको कार्यकक्ष विस्तार गर्न दिने निर्णय गरेको छ । सोमबार बसेको बोर्डको बैठकले महानगरलाई थप प्रभावकारी र सेवाग्राहीलाई सुलभ रुपमा सेवा प्रदान गर्ने निर्णय पनि गरेको छ । महानगरका प्रमुख राजेशमान सिंहको अध्यक्षतामा बसेको बोर्ड बैठकले सम्पूर्ण शाखालाई व्यवस्थित र सेवाग्राही मैत्री बनाउने निर्णय गरेको छ भने प्रमुख प्रशासकीय अधिकृतको कार्यकक्ष हेरफेरका विषयमा पनि निर्णय गरेको छ । प्रमुख प्रशासकीय अधिकृतको कार्यकक्ष नगरप्रमुख रहेकै भवनको पहिलो तल्लामै राख्ने, नगर उपप्रमुखको सचिवालय रहेको पार्किङ क्षेत्र तर्फको ३ वटा कोठाबाट सचिवालय हटाएर आवश्यकता अनुसारको शाखा स्थानान्तरण गर्ने, अहिले खाली भएको प्रमुख प्रशासकीय अधिकृतको कार्यकक्षलाई उपप्रमुखको कार्यकक्ष विस्तार गर्न दिने बैठकले निर्णय गरेको हो । बैठकमा नगरवासीलाई सहज एवं सरल सेवा प्रदान गर्न सेवाग्राही मैत्री कार्यकक्षका लागि नयाँ प्रशासनिक भवन निर्माण गर्न जरुरी रहेको भनेर सुशासन तथा संस्थागत विकास समितिले बुझाएको प्रतिवेदन प्रति बैठकका सम्पूर्ण सदस्यले सहमति जनाएका थिए भने भवन व्यवस्थापनका लागि चाँडै नै प्रकृया थाल्ने निर्णय गरेको प्रमुख प्रशासकीय अधिकृत मातृका भट्टराइले जानकारी दिए । कार्यकक्षको विषयमा देखिएको विवाद समाधानका लागि 'सुशासन तथा संस्थागत विकास समिति'लाई गत बिहीबारको बोर्ड बैठकले यथार्थ जानकारी सहित प्रतिबेदन बुझाउन समय दिएको थियो । समितिका संयोजक प्रदीप चौरसियाले बुझाएको प्रतिवेदनलाई बोर्डले सामान्य परिमार्जन सहित सर्वसम्मत पारित गरेको बोर्ड सदस्य समेत रहेका वडा नं. ८ का वडाध्यक्ष रितेश कुमार गुप्ताले बताए ।

# पूर्वमन्त्री यादवद्वारा एम्बुलेन्स हस्तान्तरण



**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज महानगरपालिका वडा नम्बर २१ स्थित हिमालयन डिस्टिलरीले लिपनी बिर्ता स्वास्थ्य चौकीलाई एम्बुलेन्स हस्तान्तरण गरेको छ । वडा कार्यालयले सोमवार आयोजना गरेको एक औपचारिक कार्यक्रमकाबीच उद्योगले एम्बुलेन्स हस्तान्तरण गरेको हो । वडा नम्बर २१ का वडाध्यक्ष राधाकृष्ण रौनियारको अध्यक्षतामा सम्पन्न एम्बुलेन्स हस्तान्तरण कार्यक्रमलाई सम्बोधन गर्दै नेपाल सरकारका पूर्व वन तथा वातावरण मन्त्री प्रदीप यादवले सवै उद्योगी व्यवसायीहरुले सामाजिक कार्यमा लगानी गर्नु सकारात्मक पक्ष रहेको बताए ।सामाजिक उत्तरदायित्व सवै निजी संस्थाले बहन गर्नुपर्ने प्रावधानअनुरुप समाजको शिक्षा, स्वास्थ्य तथा अन्य विकासका क्षेत्रमा सक्दो सहयोग गर्न पनि उनले अन्य उद्योगहरुलाई आग्रह गरेका छन् । जनता समाजवादी पार्टी (जसपा) का प्रमुख सचेतक समेत रहेका यादवले सवैको साझा पहलमा नै विकास र समृद्धि हासिल गर्न सकिने बताउँदै हिमालयन डिष्टिलरी प्रति आभार पनि व्यक्त गरेका छन् ।एम्बुलेन्स हस्तान्तरण कार्यक्रममा पर्सा क्षेत्र नम्बर १ बाट निर्वाचित सांसद समेत रहेका यादवसँगै निवर्तमान वडाअध्यक्ष हबिब मियाँ, हिमालयन डिष्टिलरीका महाप्रबन्धक नविन कुमार उपाध्याय, लिपनीबिर्ता स्वास्थ्य चौकीका प्रमुख रामेश्वर राम लगायतको उपस्थिति रहेको समिर आलमले जानकारी दिए । वडाध्यक्ष रौनियारकै पहलमा हिमालयन डिष्टिलरीले २० लाख मूल्य बराबरको एम्बुलेन्स स्वास्थ्य चौकीलाई उपलब्ध गराएको हो । एम्बुलेन्सबाट आफ्नो वडाबासी मात्रै नभएर छिमेकी वडाका बासिन्दा पनि लाभान्वित हुने वडाध्यक्ष रौनियारको विश्वास छ । उनले यसअघि वडाका अन्य शैक्षिक संस्थालाई पनि सामाजिक उत्तरदायित्वस्वरुप सहयोगका लागि निजी संस्थासँग समन्वय गर्दै आएका छन् ।

# राजविराज नगरपालिकामा चरम अनियमितताको आशंका




**मधेशदृष्टि**
**सप्तरी ।**
जिल्लाको राजविराज नगरपालिकामा चरम आर्थिक अनियमिता भएको आशंका गरिएको छ । गत वर्ष पालिकामा संचालित अधिकांश विकास तथा समाजिक शाखा तर्फको कार्यक्रममा चरम आर्थिक अनियमिता भएको आशंकामा अख्तियारले छानबिन थालेको छ । नगरपालिका कर्मचारी स्रोतका अनुसार आर्थिक अनियमिताको आशांकामा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले छानवीन थाल्दै नगरपालिकामा चार दर्जन बढी पत्र पठाएको छ । 'नगरपालिकामा संचालित विकासय तथा समाजिक शाखा तर्फको अधिकांश योजनामा आर्थिक अनियमिता भएको आशंका गरिएको छ', कर्मचारी स्रोतले भन्यो,अख्तियार दुरुपयोग अनुसन्धान आयोग, इटहरीको ४ दर्जन भन्दा बढी पत्र कार्यालयमा आएको छ ।' नगरपालिकामा संचालित सडक बोर्ड, वडा स्तरीय, नगरस्तरीय योजना, प्रदेश तथा संघीय अनुदान, समाजिक शाखा तर्फको कार्यक्रम तालिम गोष्ठी कार्यक्रममा चरम आर्थिक अनियमिता भएको स्थानीयहरुले आरोप लगाउँदै आएका छन् ।छानबिन सन्दर्भमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग इटहरी कार्यालयका एक कर्मचारीले छानबिन भइरहेको बताए । 'आयोगमा राजविराज नगरपालिकाको उजुरी बढेको छ', उनले भने, 'छानबिन गर्नु नियमित प्रक्रिया हो, छानबिन भइरहेको छ ।'
यता राजविराज नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत विष्णु प्रसाद गुरुङले अख्तियारको छानबिन सन्दर्भमा केही भन्न नमिल्ने बताएका छन् ।
उनले भने, 'अदालत र अख्तियार दुरुपयोग अनुसन्धान आयोग संवैधानिक निकाय हो, यसको सन्दर्भमा के भएको, भइरहेको हामीलाई भन्न मिल्दैन् ।'

# चालकको निधनमा शोक विदा

**मधेशदृष्टि**
**वीरगंज ।**
कालिकामाई गाउँपालिकामा सोमबार शोक विदा दिईएको थियो ।
गाउँपालिकाका एम्बुलेन्स चालक गोरख महतोको निधनको शोकमा गाउँपालिकामा शोक विदा दिईएको हो । गाउँपालिकाका प्रमुख प्रशाकीय अधिकृतले सोमबार एक विज्ञप्ति जारी गरी गाउँपालिकाको एम्बुलेन्स चालकमा कार्यरत महतोको निधनले गाउँपालिकालाई स्तब्ध बनाएको जनाउदै दिवंगत आत्माको चीर शान्तिको कामना सहित श्रद्धाञ्जली समेत व्यक्त गरेको छ । साथै शोकाकुल परिवारजनप्रति समवेदना प्रकट गरेको छ । गाउँपालिकाको सोमबार बसेको आकस्मिक बैठकले गाउँपालिका मातहतका शैक्षिक संस्था र स्वास्थ्य संस्था बाहेकका सबै कार्यालयमा एक दिन विदा दिने निर्णय गरेको प्रमुख प्रशासकीय अधिकृत नमोनाथ यादवले जानकारी दिए ।

# ढिस्कोले पुरिएर ज्यान गयो

**मधेशदृष्टि**
**सप्तरी ।**
माटोको ढिस्कोले पुरिएर एकजनाको ज्यान गएको छ । सप्तरीको अग्निसाइर कृष्णसावरण गाउँपालिका–४ बनौलीका ४२ वर्षीय पर्शुराम यादवको माटोको ढिस्कोले पुरिएर ज्यान गएको हो । नदीको किनारमा पूजा गर्नका लागि माटो खन्ने क्रममा ढिस्कोले पुरिएर घाइते भएका उनको उपचारका क्रममा छिन्नमस्ता अस्पताल राजविराजमा ज्यान गएको हो ।

# महावाणिज्यदूत मीणाको जनकपुरधाम भ्रमण



**मिश्रीलाल मधुकर**
**जनकपुरधाम ।**
भारतीय महावाणिज्य दुतावास वीरगंजका महावाणिज्यदूत श्री देवी सहाय मीणाको दुईदिने जनकपुरधाम भ्रमण सम्पन्न भएको छ । आइतबार वडा नम्बर २३ राघवेन्द्र साहले उनको निवासमा अंगवस्त्र र जानकी मन्दिरको चाँदीको तस्विर दिएर स्वागत गरेका थिए ।
कार्यक्रममा साइट नेपालका प्रा. रमेश साह र जननी डेरीका अध्यक्ष डा. अमित शाहको उपस्थिति रहेको थियो । आइतबार राति जानकी मन्दिरमा भएको सीताराम विवाह समारोहमा बाणिज्य महादूतपनि सहभागी भएका थिए । सोमबार बाणिज्य महादूतलाई राम युवा समितिका अध्यक्ष परमेश्वर साहले अंगवस्त्र र जानकी मन्दिरको चाँदीको तस्बिरले स्वागत गरेका थिए भने राम युवा समितिका पूर्व अध्यक्ष प्रमोदकुमार चौधरी, जनकपुरधाम उद्योग संघका पूर्व अध्यक्ष ललितकुमार साह, जनकपुरधाम उद्योग बाणिज्य संघका निवर्तमान वरिष्ठ उपाध्यक्ष जितेन्द्र साह, जनकपुर अञ्चल बस व्यापारी संघका अध्यक्ष एवम् नेपाली कांग्रेसका सभापति मनोजकुमार चौधरी, पंकजकुमार आजाद, लालबाबु साह लगायतका व्यक्तित्वहरुको उपस्थिति रहेको थियो ।रेल सेवालाई सहज र सरल बनाउन माग गरिएको थिया भने मधवापुर,मटिहानी नाकाबाट पहिले जस्तै चारपाङ्ग्रे सवारीसाधन सञ्चालन ध्यानाकर्षण गराइएको थियो । बाणिज्य महादूतले बौद्धी माता, राजदेवी माता र राम मन्दिरमा पूजा अर्चना गरेका थिए भने राम मन्दिरमा गोवर्धन पुरी पीठ शंकराचार्य अयोक्षजानन्द जी महाराजसँग भेट गरेका थिए । शंकराचार्यले भारतीय वाणिज्य महादूतलाई आशीर्वाद दिएका थिए । वाणिज्य महादूतलाइकमला अभियानी विक्रम यादवले संस्थाद्वारा लिखित पुस्तकहरू प्रदान गरिएको थियो ।


## शिक्षक आवश्यकता

**यस गुरूकुल शिक्षा निकेतन स्कुल**का लागि तपसिल बमोजिमका शिक्षकहरु आवश्यक भएकाले इच्छुक योग्य नेपाली उम्मेदवारले ७ दिनभित्र विद्यालय प्रशासनमा आवेदन दिनु हुन अनुरोध गरिन्छ ।

**तपसिलः**
शिक्षक संख्याः ३
विषयः गणित, नेपाली, अंग्रेजी
योग्यताः स्नातक वा सो सरह
तलबः आपसी सहमतिमा तय गरिने ।
फर्म भने म्यादः २०८० पुस ३ गतेसम्म

**सम्पर्कः**
**गुरूकुल शिक्षा निकेतन**
सहिदनगर नगरपालिका, धनुषा
फोनः९८०७६ ९७३०४







मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन